
# धर्मप्रचार



भिक्षु अश्वघोष

Downloaded from http://www.dhamma.digital

# धर्मप्रचार

लेखक

भिक्षु अश्वघोष

Downloaded from http://www.dhamma.digital

प्रकाशक :

**भिक्षु अश्वघोष**

श्रीघ विहार, नघ:ल टोल

काठमाडौं

फोन नं. ४२५९११०

बुद्ध सम्बत : २५५१

नेपाल सम्बत : ११२८

ईश्वी सम्बत : २००७

विक्रम सम्बत : २०६४

३००० प्रति

**(पछि जसले छापे पनि हुन्छ)**

**कम्प्यूटर लेआउट :**

अणिमा तुलाधर, रामकृष्ण लामिछाने र सुरेन्द्रकुमार राजथला

*मुद्रक :*

**न्यू नेपाल प्रेस**

*प्रधान कार्यालय :*

नक्साल, नागपोखरी, काठमाडौं

फोन : ४४३४८५०, ४४३४७५३

फ्याक्स : (९७७-१) ४४३३९२९

*व्यापारिक कार्यालय :*

शुक्रपथ, न्यूरोड, काठमाडौं

फोन : ४२५९०३२, ४२५९४५०

फ्याक्स : (९७७-१) ४२५८६७८

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# दुई शब्द

यस वर्षको कथिन चीवर दान उत्सवमा श्रद्धालु उपासक उपासिकाहरूले व्यक्त गर्नुभएको त्याग चेतनाले मलाई ज्यादै प्रभावित पारेको छ । दानदिने व्यक्तिहरूले आफ्नो मनमा के कस्ता भावनाहरू लिई दान दिनु भएको हो, यस विषयमा मलाई ज्ञान नभए पनि श्रद्धालु दाताहरूको मनभित्र उब्जिएको त्याग चेतनालाई भने शुभ लक्षणको रूपमा लिन सकिन्छ ।

"दान लिने व्यक्तिहरू जस्तोसुकै चरित्रको व्यक्ति भएतापनि दानदिने व्यक्तिलाई पुण्य (धर्म) प्राप्त भइरहेकै हुन्छ ।" अर्को शब्दमा भन्ने हो भने दान दिंदा जसलाई दिएपनि कुनै आपत्ति छैन । तर जुन व्यक्ति राम्रो गुणधर्मले पूर्ण रहेको हुन्छ, त्यस्तो व्यक्तिलाई दान दिने अवसर प्राप्त भएमा बढि पुण्य लाभ गर्न सकिनेछ । वास्तवमा दान दिने चेतना मनमा आउने वित्तिकै त्यस मनले पवित्र पुण्य प्राप्त गरिसकेको हुन्छ । दान दिइसकेपछि त अझ बढि पुण्य प्राप्त गर्ने भइहाल्छ । जेहोस् परउपकारको चेतनाले दान दिनुलाई नै दान भनिन्छ ।

म भने दान लिने व्यक्ति परें । त्यसैले दान लिएको लाई पचाउन सक्नको लागि, दक्षिणा सदुपयोग गर्नको लागि, र दान

Downloaded from http://www.dhamma.digital

दिने व्यक्तिहरूलाई पुण्य लाभ होस् भन्ने मनसाय राखी मैले "धर्मप्रचार" नाम गरेको यस पुस्तक प्रकाशन गरी धर्मदान गर्दैछु। यस पुस्तक पढी दान दिने व्यक्तिहरूको जीवन सफल होस्, असल मानिस बन्ने क्षमता बृद्धि होस्। एकदुईजनाले मात्रै भएपनि मेरो यस पुस्तक पढेर ज्ञान लाभ गरी जीवन सुधार्न सकेपनि मेरो प्रयास सफल भएको ठान्नेछु। त्यसैले यस पुस्तक अध्ययन गर्नुहुने पाठक वर्गहरूले भाषा अशुद्धितर्फ भन्दा पनि ज्ञानको विषयतर्फ ध्यान दिनु हुनेछ भन्ने आशा राखेको छु।

यस पुस्तकमा उल्लेखित विषयहरू बासी भएपनि यसमा समावेश गरिएका ज्ञानवर्द्धक कुराहरू भने ताजा नै रहेको छ। किनभने पहिला छापिसकेका पुस्तक, स्मारिका र पत्रपत्रिकाहरूमा प्रकाशित लेखहरूलाई संकलन गरी यस पुस्तकमा छापिदिएको छु। पुस्तक यथा समयमा छापिदिनुभएकोमा न्यू नेपाल प्रेस धन्यवादको पात्र बनेको छ।

भिक्षु अश्वघोष
श्रीघः विहार

२० मंसिर २०६४

Downloaded from http://www.dhamma.digital

# समर्पण

२०६४ सालको कथिन चीवर दानको उत्सवमा दान दिनुहुने श्रद्धालु उपासकोपासिकाहरूलाई र मलाई दान दिनुहुने धर्मकीर्ति विहार, श्रीघः विहार तथा बनेपा ध्यानकुटी विहारका उपासक-उपासिकाहरूलाई सश्रद्धा समर्पण गरेको छु। सबैको स्वास्थ्य लाभको कामना गर्दै उहाँहरूको सुखमय जीवनको कामना गर्दछु ।

– लेखक

Downloaded from http://www.dhamma.digital

# धर्मदान

मलाई आत्मनिर्भर बनाउनको लागि आवश्यक शिक्षाको प्रवन्ध गरिदिनुहुने पूज्य गुरु अमृतानन्द महास्थविरको पूण्य स्मृतिमा धर्मदान गर्दैछु ।

– भिक्षु अश्वघोष

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# विषय-सूची


| | विषय | पृष्ठ |
|---|---|---|
| १. | धर्मप्रचार | १ |
| २. | सम्यक्दृष्टि | ३ |
| ३. | बुद्धजीवनी र सूत्रपिटमकम बुद्ध | ६ |
| ४. | निर्वाण र संस्कार | ९ |
| ५. | बोधिसत्व र बोधिचित्त | १६ |
| ६. | ईर्ष्या | २१ |
| ७. | बुद्धको स्वतन्त्र चिन्तन | २४ |
| ८. | ज्ञान प्राप्त | २७ |
| ९. | धर्मप्रचार र हृदय परिवर्तन | ३० |
| १०. | धर्मात्मा व्यक्ति मृत्युदेखि डराउँदैन | ३४ |
| ११. | बुबालाई शिक्षा दिने सुपुत्र | ३८ |
| १२. | सहनशिलताको चमत्कार | ४१ |
| १३. | मानिसले चिताएको कुरा हुँदैन नचिताएको कुरा हुन्छ | ४३ |
| १४. | मनोवैज्ञानिक वैद्यको चमत्कार | ४६ |
| १५. | गृहस्थी जीवन सफल हुने मार्ग | ५० |
| १६. | उत्साहले जय हुन्छ | ५३ |


Downloaded from http://www.dhamma.digital

# धर्म प्रचार

धर्मप्रचारकहरू धेरै छन् । यहाँ बुद्धले प्रचार गर्नुभएको धर्मको बारे मात्र चर्चा गर्न लागिरहेको छु । बुद्धले प्रचार गर्नुभएको धर्म ज्ञानमार्ग हो । मतलब मानिस स्वार्थभावबाट टाढा भई असल मान्छे बन्नुपर्ने शिक्षा हो । शुरूमा बुद्धले भिक्षुहरूलाई असल धर्मदूत बन्नसक्ने तालिम दिनुभयो । तालिम भइसकेपछि निर्देशन दिनुभयो-भिक्षुहरू, गाउँगाउँ, नगरनगर गई बहुजन हित हुने, बहुजन सुख हुने शिक्षा दिन जाऊ । धेरै मानिसहरू अज्ञानी छन् । पहिले साधारण आममानिसलाई सदाचारी बन्नसक्ने शिक्षा दिने । सदाचारी किन बन्नुपर्ने ? कुरा सम्झाउनुपर्छ । सदाचारी बन्नसके के फाइदा हुन्छ । यस कुराको बोध गराउनुपर्छ ।

पहिले पहिले मौखिक रूपमा भिक्षुहरूले गाउँ गाउँ, नगर नगरमा गई धर्मप्रचार गर्ने गर्थे । हिजोआज जस्तो पत्रपत्रिका छापेर प्रचार गर्ने चलन थिएन । आजभोलि त अनेक पत्रपत्रिका माध्यमबाट धर्मप्रचार भइरहेको छ । उदाहरणार्थ नेपालमा ५०/६० वर्ष पहिले धर्मादित्य धर्माचार्यद्वारा कलकत्ताबाट "बुद्ध धर्म" नामक मासिक पत्रिका प्रकाशित गरी बुद्धका उपदेश प्रचार गर्न थालियो । त्यसपछि **धर्मोदय** नामक पत्रिका निस्क्यो । त्यसपछि आनन्दकुटी विहारबाट **आनन्दभूमि** मासिक पत्रिका । त्यसपछि धर्मकीर्ति विहारबाट **धर्मकीर्ति** मासिक पत्रिका



Downloaded from http://www.dhamma.digital

माध्यमबाट अद्यापि धर्मप्रचार भइरहेको छ । अचेल आनन्द भूवन विहारबाट **अमृतोपदेश** नामक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बौद्ध मासिक पत्रिका प्रकाशित गरी बुद्धको उपदेश नौलो तरिकाबाट प्रकाशित भइरहेको सर्वविदितै छ । गणमहाविहारबाट पनि **सुभाषित** नामक मासिक पत्रिका आफ्नो ढंगबाट प्रकाशित गरी धर्मप्रचार भइरहेको छ ।

अनेक पुस्तकहरूबाट पनि बुद्धको शिक्षा पर्याप्तरूपमा प्रचार भइरहेको कुरा सबैले थाहा पाइएको कुरा हो । सही रूपमा धर्मप्रचार भन्ने त व्यक्तिको चरित्र सुधार हो । धर्मप्रचारकहरू निर्लोभी, निस्वार्थी र असल मान्छे बन्नसक्नु नै हो । धर्मप्रचारक व्यक्ति अर्थात् धर्मदूत बन्ने मान्छे सहीरूपमा असल बन्नसके यो सुनमाथि सुगन्धको रूपमा आउने छ ।

– **अमृतोपदेश २०६४**

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# सम्यक्दृष्टि

बुद्धको सम्यक्दृष्टि विचारधाराको चर्चा गर्नुभन्दा पहिले बुद्धको बारे सहीरूपले परिचय हुनु राम्रो हुनेछ र बुद्ध को हुन् भन्ने हामीसँग ज्ञान हुनु आवश्यक देखिन्छ। त्यसपछि सम्यक्दृष्टि अर्थात् ठीक समझदारीतिर अघि बढ्नु विषयगत रूपमा राम्रो हुनेछ।

कुनै बेला एकजना ब्राह्मणले बुद्धको व्यक्तित्वबाट प्रभावित भई प्रश्न गऱ्यो-भो श्रमण, तपाईको अनुहारमा निकै तेजिलो छाएको छ, चमकता देखिन्छ, यहाँको गति अति नै शान्त दान्त देखिन्छ। साँच्चि, तपाई को हुनुहुन्छ ?

वहाँले उत्तर दिनुहुँदै भन्नुभयो -

**अभिञ्ञेय्यं अभिञ्ञातं, भावेतब्बं च भावितं।**
**महातब्बं पहीनं मे, तस्मा बुद्धोस्मि ब्राह्मण ॥**

अर्थात् - सिक्नुपर्ने, जान्नुपर्ने कुरा जानिसकें, अभ्यास पनि गर्नुपर्छ भनी अभ्यास पनि गरें र अभ्यास मात्रले पनि नपुगिंदो रहेछ। परन्तु आफूमा रहेको कुसंस्कार, पूर्वाग्रह र क्लेश आदि सबै त्यागनुपर्ने छोड्नुपर्ने भएकोले नराम्रो, पुरानो संस्कार सबै त्याग गरी सकें। त्यसैले, ब्राह्मण, म बोध भइसकेको बुद्ध हुं।

यहाँ बुझ्नुपर्ने कुरा के भने, हामीले जानिराख्नुपर्ने कुरा के के हुन् ?



Downloaded from http://www.dhamma.digital

चार आर्यसत्य अर्थात् संसारमा दु:ख व्याप्त छ, दु:खको कारण (तृष्णा) छ, दु:खको अन्त्य गर्न सकिन्छ र दु:ख अन्त गर्ने बाटो अनुशरण गर्नुपर्छ, त्यो बाटोलाई आर्यअष्टांगिक मार्ग भनिन्छ। यसमा मुख्य कुरा दृष्टि सोझो हुनुपर्छ अर्थात् हामीमा ठीक समझदारी हुनु आवश्यक छ। दृष्टि बांगो भएमा सम्यक्संकल्प ठीक हुँदैन अर्थात् ठीक सोचाइ र नियत गलत हुन जान्छ। यसपछि सम्यक्वचन बोलिवचन सही हुँदैन। त्यसपछि सम्यक्कर्मान्त पनि ठीक हुँदैन, मतलब सही हुन सक्दैन। काम बिग्रेपछि जीविका सम्यक्आजीविका ठीक हुँदैन। अनि सम्यक्व्यायाम प्रयत्न असफल हुन्छ। त्यसपछि सम्यक्स्मृति होश ठीक ठाउँमा आउँदैन अर्थात् आफ्ना नियन्त्रणबाट बाहिर गएपछि चित्त एकाग्रता सम्यक्समाधि ठीक हुँदैन। यी कुराहरू प्राप्तिले अर्थात् आत्मसात गरिसकेपछि राजकुमार सिद्धार्थ बुद्ध हुनुभयो। मतलब आर्यअष्टांगिक मार्गलाई यथार्थरूपमा अभ्यास र अनुभव गर्नुभयो। ज्ञान हासिल गर्नु, अभ्यास गर्नु जस्ता काम त हामी पनि गर्छौं तर अभ्यास गरेर आफ्नो कुबानी र कुसंस्कार आफूमा रहेको कुसंस्कार छोड्न तयार छैनौं। सिद्धार्थ गौतमले सहीरूपमा अभ्यास गरेअनुसार आफूमा रहेको कुसंस्कार र पूर्वाग्रह सबै त्यागिदियो। वास्तवमा बुद्धको विशेषता र परिचय भन्नु यही नै हो।

अब सम्यक्दृष्टितिर फेरि चर्चा गरौं। आर्यअष्टांगिक मार्गको पहिलो खुद्किलो सम्यक्दृष्टि बिग्रको खण्डमा अरू सातै कुरा खस्किन्छ। अंगुलिमालको नाम पहिले अहिंसक थियो। विद्यार्थी हुंदा खूब जेहन्दार इमान्दार असल व्यक्ति थियो तर साथीहरूको र गुरुको दृष्टि ठीक भएन। फलस्वरूप अहिंसकलाई


Downloaded from http://www.dhamma.digital

दानव बनाइदियो। गुरुको आदेशअनुसार मानिसहरूको अंगुलिको लागि हिंसा हत्या गरेर ज्यानमारा अंगुलिमाल बन्यो। उसमा पनि दृष्टि सही भएन। होश गुम्यो र पछि बुद्धको संगत्मा परेर दृष्टि ठीक भयो। शुद्ध र असल मानिस बन्न पुग्यो।

— **अमृतोपदेश २०६४**

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# बुद्धजीवनी र सूत्रपिटकमा बुद्ध

बुद्धमार्गीहरूमा विवेकबुद्धि चाहिन्छ । त्यसो भनेको बुद्ध को हुन् र कस्ता हुन् भन्ने जानिराख्नुपर्छ । बुद्धजीवनी पुस्तक हेर्दा बुद्ध अलौकिक व्यक्ति जस्तो देखिन्छ, जादुगरजस्तो देखिन्छ । त्यतिमात्र होइन, सिद्धार्थ गौतम दरबार त्याग गर्न लाग्दा जगत्प्राणी उद्धार र संसार दुःखबाट मुक्त हुने विचार राख्ने हुन् । धेरै तपस्या गरेका पनि हुन् । धेरै अज्ञानीहरूलाई ज्ञानी गर्छु भन्ने विचार राखी गृहत्याग गर्नुभयो । ६ वर्षसम्म दुःख-कष्ट गरी वैशाखपूर्णिमाका दिन बुद्धगयाको पिपल रूखमा बोधिज्ञान लाभ गर्नुभयो । त्यसबेला उहाँलाई विमुक्तिसुख अनुभव भएको कुरा ग्रन्थमा उल्लेख भएको छ ।

त्यसपछि उहाँले विचार गर्नुभयो-मैले प्राप्त गरेको धर्मको ज्ञान प्रचार गर्नुपर्‍यो । अनि उहाँलाई विचार आयो, अहो, यो मैले प्राप्त गरेको ज्ञान त सार्‍है गम्भीर छ । मानिसहरू त असाध्यै अज्ञानी छन् । विवाह गरेर छोराछोरीहरूको बीचमा बसेर स्वार्थी भइरहेकाहरू । लोभ, द्वेष, माया-मोहको जालमा भुलिरहेका छन्, लोभी र ईर्ष्या भावले ग्रसित छन् । मैले प्राप्त गरेको ज्ञान भने निर्मल, निस्वार्थभावले सेवक हुनुपर्ने धर्म हुन्, जुन अज्ञानी मासिहरूले बुझ्ने छैनन् । यिनीहरूलाई म धर्मको कुरा भन्दिनं ।



Downloaded from http://www.dhamma.digital

एकछिन त बुद्धले धर्मप्रचार नगर्ने विचार गर्नुभयो। जगत्प्राणी उद्धार गर्ने कल्पना बिर्सनुभयो। फेरि पछि होश आयो त भन्नुभयो, बुद्धले कल्पना गर्नुभयो-मानिसहरू सबै अज्ञानी र मूर्ख छैनन्। मसंगै तपस्या गर्ने पाँचजना पञ्चभद्रवर्गीयहरूको मन कुण्ठित भए पनि ज्ञान हुनेहरू नै हुन्। उनीहरूलाई धर्मको कुरा भनी बोध गराउनेछु। उहाँ सारनाथसम्म पुगेर मध्यममार्गी हुनुपर्ने आफ्नो अनुभवको कुरा बताई उनीहरूलाई बोध गर्नुभयो।

त्यसपछि धर्मप्रचार गर्दै श्रावस्तिमा बस्नुभयो। एकपल्ट त्यहाँ विद्वान् मानिसहरूले सोधे- भो गौतम, तपाईको धर्म धेरै राम्रो, धेरै मानिसहरू भिक्षु हुन आए। धेरैजसो त अर्हत्हरू नै छन्। धेरै नराम्रा अनुशासनहीनहरू पनि भए। यो कसरी भएको ? तपाईले सबैलाई तालिम गर्नुभएको छैन र ?

बुद्धले जवाफ दिनु अगाडि प्रश्न नै सोध्नुभयो - तपाईहरू कहाँबाट आउनुभएको ?

उनीहरूले जवाफ दिए - हामी राजगृहबाट आएका हौं।

बुद्धले फेरि सोध्नुभयो - तपाईहरूलाई कसैले राजगृह जाने बाटो सोधेको छ ?

उनीहरूले भने - धेरैले सोध्छन्।

बुद्ध - उनीहरू सबै राजगृह पुग्छन् र ?

उनीहरूले भने - कोही पुग्छन्, कोही पुग्दैनन्।

यस्तो किन भनी बुद्धले सोध्नुहुँदा उनीहरूले भने - हाम्रो काम भनेको बाटो देखाउने मात्र हो, त्यहाँ पुग्छ, पुग्दैन भन्ने हाम्रो जिम्मा होइन। यो हाम्रो दोष होइन। हामीले बताएको बाटोमा जानेहरू राजगृहमा पुग्छन्। सोधेर नजानेहरू पुग्दैनन्।



Downloaded from http://www.dhamma.digital

अनि बुद्धले भन्नुभयो-त्यसरी नै, मैंले देखाएको बाटोमा जाने र मेरो शिक्षा लिएर राम्रोसंग व्यवहारमा पालन गरी ज्ञानी हुनेहरू निर्दोषी अर्हत् हुन्छन्। देखाएको बाटोमा नजाने अज्ञानी र अनुशासनहीनहरू नराम्रा हुन्छन्।

बुद्धले फेरि भन्नुभयो-मकहाँ पहिला श्रद्धावान्हरू भिक्षु हुन आउँदा ज्ञानी थिए। पछि श्रद्धा नभएका, संस्कार नभएका लोभीहरू भिक्षु हुन आए। शुरूमा शान्त देखिन्छ तर पछि बिस्तारै आफ्नो पुरानो संस्कार देखाउँछ। **अक्खातारो तथागता** अर्थात् तथागत भनेको त बाटो देखाउनेमात्र हुन्। सुद्धि असुद्धि पच्चत्तं नाञ्ञमञ्ञं विसोधये अर्थात् शुद्ध अशुद्ध हुने आ-आफ्नो हात र आचरणको कुरा हो। कसैले कसैलाई शुद्ध गर्न सक्दैन। यी कुरा मज्झिमनिकायमा उल्लेख भएका छन्।

यसबाट थाहाहुन्छ, बुद्धजीवनीमा भएको बुद्धले जगत्प्राणी उद्धार गर्ने ठेक्का लिएजस्तो देखिने तर पछिका बुद्धले सबैलाई बोध गर्ने जिम्मा नलिएको देखिन्छ।

Dhamma.Digital

**– अमृतोपदेश २०६४**



Downloaded from http://www.dhamma.digital

# निर्वाण र संस्कार

निर्वाण बुद्ध-शिक्षाको अन्तिम लक्ष्य हो । निर्वाणको परिचय हामीजस्ता पृथकजन (साधारण) व्यक्तिले दिनसक्ने कुरा होइन । पाली साहित्यमा उल्लेख गरिए अनुसार अनुमान मात्र गर्न सकिने कुरा हो ।

गौतम बुद्धले बुद्धत्व प्राप्तिपछि सर्वप्रथम पञ्चभद्र-वर्गलाई सारनाथमा आफूले प्राप्त गरेको धर्म र ज्ञानको व्याख्या गर्दै पहिले आफ्नो अनुभवको कुरा व्याख्या गर्नुभयो । संसारमा दु:ख व्याप्त छ । दु:खको कारण छ, दु:खको अन्त हुनसक्छ । दु:ख अन्त हुने उपाय र बाटो छ । वहाँले भन्नुभयो यो कुरा बुझ्न पहिले गहन अध्ययन गरें । अनि दु:खको कारण तृष्णा, मतलब जतिभए पनि सन्तुष्ट नहुने महत्वाकांक्षा रहेछ भन्ने पत्ता लगाएँ । तृष्णाबाट मुक्त हुन सकें दु:खबाट मुक्त हुन सक्छ र निर्वाण अर्थात् दु:खबाट मुक्त हुनलाई पुरानो संस्कारलाई आफ्नो मनबाट जरैदेखि निकालेर फ्याँक्नु पर्दोरहेछ । खुब अभ्यास गरेर आफ्नो मनमा लुकिछिपिरहेका कुसंस्कार पूर्णरूपमा निकालिसकेपछि अर्को भाषामा भन्ने हो भने परम्परागत पुरानो धारणा र कुसंस्कार, अहंकार, ईर्ष्या, लोभ र संकुचित विचार बाट पूर्णरूपमा मुक्त भएपछि मात्र मैले (सिद्धार्थ) बोधिज्ञान प्राप्त गरें । अनि पहिले नभएको धर्मचक्षु, धर्मज्ञान, धर्मप्रज्ञा र धर्मको प्रकाश प्राप्त भयो ।



Downloaded from http://www.dhamma.digital

बुद्धको यस धर्मचक्र प्रवर्तनबाट के बुझिन्छ भने संसार को कुनै पनि परम्परा र रीतिस्थिती, संस्कार, अनित्य छन् र स्थायी छैन । मतलब निर्वाण सुखमा कुनै प्रकारको कचिङ्गल एवं पूर्वाग्रहजस्ता कुसंस्कार छैनन् । अर्थात् दु:खबाट मुक्त हुनको लागि पुरानो संस्कारलाई पूर्णरूपमा त्यागी दिनुपर्छ । तृष्णालाई सबै प्रकारका नराम्रा इच्छालाई तिलाञ्जली दिनुपर्छ । मानिसको चित्त र मन शुद्ध भएमा, इमान्दारीपन रहेमा त्यस्ताका लागि निर्वाण धेरै टाढा पर्दैन । निर्वाण एकदम स्वच्छ र निर्मल चित्तको अवस्था हो ।

यसको स्वच्छताको लागि धेरै अभ्यास गर्नु जरुरी छ र सतर्क तथा सजगता हुनु अनिवार्य छ । अहंकार, ईर्ष्या, लोभ, क्रोध, बदला लिने भावना, आशक्त हुने स्वभाव र अनावश्यक शंका आदि दुर्गुणबाट मुक्त हुनु पर्छ । सबैभन्दा पहिले मानिसमा भएको पुरानो कुसंस्कार हट्नुपर्छ । अनि त्यस्ताले चरित्र शुद्ध भएको असल मान्छे बन्न सक्छ र दु:खबाट मुक्त हुन सकिन्छ । दु:खबाट मुक्त हुनुलाई नै निर्वाण भनिन्छ । त्यसैले समय-समयमा गौतम बुद्ध भन्ने गर्दथे -

**"सब्बे संखारा अनिच्चाति यदा पञ्ञाय पस्सति ।**
**अथ निब्बिन्दति दुक्खे एसमग्गो विसुद्धिया ।"**

अर्थात्- सबै संस्कार अनित्य हुन् भन्ने कुरा जब प्रज्ञाद्वारा बुझिन्छ र देखिन्छ तब दु:खबाट मुक्त हुने बाटोमा पुग्छ ।

संस्कार नबदलिकन हृदय परिवर्तन नभईकन मानिसको सुधार हुनु र दु:खबाट मुक्त हुन असम्भव नभए पनि गाह्रो चाँहि अवश्य छ । माथि उल्लेख गरिएको अहंकार अन्धविश्वास, ईर्ष्या, महत्वाकांक्षा सबै संस्कार हुन् ।


Downloaded from http://www.dhamma.digital

जन्म हुँदाखेरी शुद्ध र निर्मल भएपनि बाहिरी प्रदूषित मानिसहरूको आश्रय र सत्सङ्गतले गर्दा, प्रदूषित वातावरणले गर्दा निर्मल र पवित्र चित्त पनि कुलषित र धमिलो हुन जान्छ। त्यसैले बुद्धले भन्नुभएको - **'पभस्सरमिदं भिक्खवे चित्तं तं च खो आगन्तुकेहि उपक्किलेसेहि संकिलिट्ठं'** (अंगुत्तरनिकाय)

अर्थात् - मानिसको चित्त शुरूशुरूमा शुद्ध भएतापनि पछि बाहिरी वातावरणले गर्दा प्रदूषित र धमिलो भएको छ। यस कुराले के बुझिन्छ भने मानिसको संस्कार बदलिरहन्छ। संस्कारको अर्थ हो बानी-व्यहोरा।

अजातशत्रु राजकुमार पुस्तकमा लेखिएअनुसार स्रोतापन्न हुन सक्ने (निर्वाणमार्गमा पुग्नसक्ने) भएतापनि दुष्ट महत्वाकांक्षी भिक्षु देवदत्तको सत्सङ्गत र आश्रयले गर्दा उनको दुर्गति हुन गयो अर्थात् पतन भयो। राज्य हत्याउने इच्छाले आफ्नै पिता बिम्बिसार राजालाई मारिदियो र राजसिंहासनमा बस्यो। तर पछि होशमा आएपछि उनलाई पश्चाताप भयो र बुद्धको सङ्गतमा परेर श्रद्धावान् त हुनपुग्यो तर स्रोतापन्न बन्ने मौका गुम्यो।

अंगुलिमाल पहिले अहिंसक भई असल मान्छे थियो तर दुष्ट साथीहरूको षड्यन्त्रले उनीहरूको कुसङ्गतले गर्दा ज्यानमारा हुनपुग्यो। पछि फेरि बुद्धको सङ्गतमा परेर उनलाई गलत महसुस भयो र उनको मन शुद्ध भयो अर्थात् हृदय परिवर्तन भएर असल मान्छे बन्यो। पछि भिक्षु भएर अर्हत् (निर्दोष व्यक्ति) हुनपुग्यो।

यहाँ स्मरणीय कुरा के भने शुद्ध हुनु र अशुद्ध हुनु आफ्नै हातमा छ भनिएतापनि वातावरणले मान्छेको होश गुम्ने



Downloaded from http://www.dhamma.digital

गर्छ। मतलब जोशमा होश गुम्छ, तर असल कुराको अर्ती दिने मार्गदर्शक गुरुहरू पाएको खण्डमा आफूले महशुस गरेर सतर्क र सचेत हुनसके अशुद्ध मान्छे पनि शुद्ध हुने गर्छ। अनि खराब मान्छे असल मान्छे बन्न पुग्छ। मनलाई वशमा राख्न सक्ने मानिस नै महापुरुष हुन जान्छ तर सुधार हुन चाहेर पनि कुलायन र परम्परागत लोकाचारअनुसार चल्नुपरेकोले समाजको वातावरणले गर्दा मानिसलाई सुधारहुन अप्ठ्यारो परिरहन्छ। स्पष्टरूपमा भन्ने हो भने सुधार हुन गाह्रो परेको छ। पुरानो संस्कारलाई छोड्न चाहे पनि छोड्न सकिएको छैन। उदाहरणको लागि भन्ने हो भने जन्मेदेखि मृत्युसम्मको कर्मकाण्ड संस्कार हाम्रो सामु छ। फलस्वरूप भिक्षु समाजलाई पनि पुरानो संस्कारबाट मुक्त हुन असजिलो भइरहेको छ।

अब फेरि निर्वाणको कुरातिर जाऊँ। जबसम्म तृष्णाबाट मुक्त हुन सक्दैन तबसम्म निर्वाण सुख प्राप्त गर्न असम्भव छ। तृष्णाबाट मुक्त हुनु पर्ने कुरा राम्रो छ बुझ्न असजिलो छैन। त्यससम्बन्धमा उपदेश दिन पनि सजिलो छ तर त्यसलाई व्यवहारमा उतार्न भने गाह्रो छ। तमाखु खानेहरूलाई राम्रोसँग थाहा छ कि आगोले पोल्छ तर आगो समाउने साधनको अभावमा हातैले आगो समातेर छिटो-छिटो चिलिममा राखेर हातले कान समात्न जान्छ।

गौतम बुद्धले भिक्षुहरूलाई बारम्बार सम्बोधन गर्दै भन्नुहुन्थ्यो - **'अञ्ञाहिलाभूपनिसा अञ्ञा निब्बानगामिनी'** अर्थात् लाभसत्कारको बाटो अर्कै हो, निर्वाणको बाटो अर्कै हो, तर लाभ र दान प्राप्त गर्नुमा त भिक्षुहरूको संस्कार नै बसिसक्यो। एकपटक बुद्धजयन्तीको अवसरमा केही भिक्षु गोरखामा, कोही


Downloaded from http://www.dhamma.digital

धनगढीमा गएका थिए। त्यहाँ बुद्धपूजा पछि अरू ठाउँमा जस्तै दक्षिणा दानदिने चलन थिएन रहेछ। त्यसले गर्दा त्यहाँ गएका भिक्षुहरूलाई खल्लो अनुभव भयो रे। एकपटक यस पङ्क्तिका लेखक म स्वयं पनि पश्चिमी पहाडतिर गुरुङहरूको गाउँमा एउटा कार्यक्रममा गएको थिएँ। त्यहाँ धुमधामसँग स्वागत पनि भयो, बुद्धपूजा पनि भएको थियो तर दानदक्षिणा चाँहि शून्य। त्यस बखत म स्वयंलाई नुन नपुगेको खाना खाएजस्तो भयो। अनि बुद्धका सन्देश सम्झना आयो 'लाभ सत्कारको बाटो अर्कै हो र निर्वाणको बाटो अर्कै हो।'

भिक्षुहरूको विहारमा जति पनि धार्मिक कार्यक्रम भइ रहन्छ त्यसबेला धर्मप्रचारभन्दा लाभ सत्कारलाई प्राथमिकता दिइन्छ भन्नुपर्दा अत्युक्ति हुँदैन होला। पैसाबिना काम केही बन्दैन। विहार निर्माण मर्मत सम्भार, बौद्ध परियत्ति शिक्षा प्रचार, देशभ्रमण आदि कार्यक्रम हुने गर्छ। यी सबैमा प्रमुख लाभ सत्कारको हो। मलाई त आफूसँग पाँच दश हजार रूपैयाँ भएन भने फूर्ति नै आउँदैन। अनि दान लिन लोभ आउँछ। महापरित्राण पाठ कहिले आउँछ भन्ने सम्झना आउँछ अनि कल्याण हुन्छ। खोइ निर्वाणमा कहिले पुग्ने हो। निर्वाण त मुखमा चर्चा भइरहन्छ काम चाँहि अर्के हुने गर्छ।

अर्को बुझ्न गाह्रो बुद्धको कथन छ निर्वाणप्राप्त गर्ने इच्छुक व्यक्तिले पुण्य र पाप दुवै नाश गर्नुपर्छ। **'बाहित पाप धम्मो'** किनभने पुण्य गरेपनि त्यसबाट केही आशा गर्‍यो भने उसबाट राम्रो फल भोग्न फेरि जन्म लिने हेतु बन्दछ। पाप कर्म गरे पनि उसको फल भोग्ने संस्कार रहिरहन्छ। यो साधारण मानिसले बुझ्न सक्ने कुरा होइन। बुद्धको शिक्षाअनुसार निर्वाण


Downloaded from http://www.dhamma.digital

लाभ गर्न चाहने व्यक्तिले पुण्य (धर्म) गर्दाखेरी कर्तव्य र परोपकार सम्झेर तथा आफ्नो मनमा रहेको क्लेश र कुसंस्कार नाश गर्नका लागि कामना गरी पुण्यकर्म गर्ने गरिन्छ। यति नभई आफूले राम्रो काम गरेको फल भोग गर्ने इच्छा भएमा फेरि जन्म लिनुपर्ने संस्कार बस्ने हुन्छ। मतलब निःस्वार्थ भावनाले पुण्यकर्म गर्नुपर्छ। अनिमात्र निर्वाण मार्गमा पुग्न सकिन्छ। धर्मकर्म गरे वापत फल राम्रो हुन्छ नै। त्यस्ता धर्मले प्रार्थना नगरे पनि राम्रो फल भोग गर्न पाउँछ नै ।

एक दिनको कुरा हो-एकजना भिक्षुद्वारा धर्मदेशना भइरहेको ठाउँमा एकजना उपासकले प्रश्न गर्‍यो-निर्वाण भन्ने अलग ठाउँ छैन र जहाँ सुखपूर्वक पुण्यकर्मको फल भोग गर्न सकिन्छ।

उपदेशक भिक्षुले उत्तर दिनुभयो - त्यस्तो अलग कुनै ठाउँ छैन ताकि निर्वाण प्राप्त भएपछि फेरि जन्मै लिँदैन। अनि त्यो प्रश्नकर्ता उपासकले भन्यो - त्यसो भए मलाई निर्वाण चाँहिदैन। मैले धर्म गरिरहेको त त्यसको राम्रो फल भोग्नको लागि हो। स्मरणीय छ त्यो उपासक ४० वर्षदेखि भिक्षुहरूको विहारमा गएर शील प्रार्थना र दान दिइरहेको व्यक्ति हो।

सबै विहारहरूमा बुद्ध पुजापछि प्रार्थना गरिन्छ। **'इदम्मे पुञ्ञं आसवक्खया वहं होतु'** अर्थात् मैले जुन पुण्यकर्म गरेको छु त्यस पुण्यद्वारा आस्रव क्षय होस्। आस्रव भनेको मनमा रहेको अनेक प्रकारका लोभ, द्वेष, ईर्ष्या आदि कुसंस्कार हुन्।

**'इदम्मे पुञ्ञं निब्बाणस्स पच्चयो होतु'** अर्थात् मैले जुन पुण्यकर्म गरेको छु त्यो पुण्यद्वारा निर्वाण प्राप्त गर्नार्थ हेतु


Downloaded from http://www.dhamma.digital

बनोस् । यसरी भन्छन् तापनि मनले चाँहि मरेपछि स्वर्ग जान पाओस् भन्ने कामना गर्छन् । कामचाँहि संसार चक्रमा घुमिरहने गरिरहेको हुन्छ ।

अर्को बुद्धको एउटा कथन छ जुन कि हामीलाई पचन गाह्रो छ तर कुरा कटुसत्य हो । त्यो के भने - निर्वाण मार्गमा जान चाहने व्यक्तिले अरूले आफूलाई चित्त दुख्ने गरी बोलेको र काम गरेकोलाई बिर्सिदिनुपर्छ । अर्को चाँहि आफुद्वारा अरूलाई उपकार गरिएको छ भने त्यो पनि बिर्सिदिनुपर्छ । उपर्युक्त दुबै कुरा सम्भिरहँदा मनमा अशान्ति भैरहन्छ । उक्त बुद्धको उपदेश निर्वाण लाभार्थ साह्रै उपयोगी हुने कुरा हो तर व्यवहारमा प्रयोग गर्न चाहिं सजिलो छैन । प्रयत्न गरे बिर्सन सक्छ तर अस्थायी रूपमा मात्र । बिर्सन सके मनमा शान्तिले स्थान लिन्छ । यसबारे मलाई अनुभव भएको छ बिर्सिदिने बेला जिउ कपास जस्तो हलुङ्गो हुन्छ तर त्यो अस्थायी हुन्छ । बोक्सीले दुःख दिने जस्तै अकृतज्ञ र अटेरी व्यक्तिको बारम्बार सम्भना भइ रहन्छ । यदि निर्वाण सुखको इच्छा छ भने मैत्री भावनालाई अभ्यास गर्न र उन्नति गर्न सकेपछि त्यस्ताको लागि निर्वाण टाढा हुँदैन । निर्वाण मार्गमा जानको लागि अति आवश्यक छ शुद्ध मैत्री चित्तको अभ्यास । म चाँहि निर्वाणको बाटोमा टाढा छुँ किनभने ममा शुद्ध मैत्री छैन र दान लिने लोभ चेतना पनि जागेर आउँछ । अटेरी र मिचाहाप्रति मैत्री गर्न सजिलो छैन । बुद्धको शिक्षाअनुसार चन्द्रमाको दागतिर ध्यान नदिइकन प्रकाशतिर मात्र ध्यान दिन सके शान्ति मिल्छ । यो अभ्यास र अनुभव गर्नुपर्ने कुरा हो ।

**– बुद्ध विहार स्मारिका २०६३, धरान**



Downloaded from http://www.dhamma.digital

# बोधिसत्व र बोधिचित्त

ज्ञान भएको प्राणीलाई तथा भविष्यमा बुद्ध हुने प्राणीलाई बोधिसत्व भनिन्छ । यिनीहरूलाई बुद्धांकुर (बुद्धअंकुर) भने पनि हुन्छ । बुद्ध हुने अधिस्थान गरिराखेको हुँदा यिनीहरूले सधैं आफ्ना चित्त शुद्ध र बलियो पार्न प्रयत्न गरिराखेको हुन्छ । बुद्धत्व प्राप्तिको लागि आफ्नो जीवन अर्पण गरिराखेको यस्ता व्यक्तिले धेरैजसो परोपकारी कार्यहरूमा मात्र ध्यान दिने गर्छन् । बुद्धत्व प्राप्त गर्नका लागि बोधिसत्वले दशपारमिता गुणधर्म पूरा गर्नुपर्छ । ती गुणधर्महरू यसरी रहेका छन्-

१. दान (त्याग),
२. शील (सदाचार),
३. नैष्क्रम्य (वैराग्यभाव),
४. प्रज्ञा (विवेक - बुद्धि),
५. वीर्य (उत्साह र प्रयत्न),
६. क्षान्ति (सहनशीलता),
७. सत्य (यथार्थ कुरा),
८. अधिस्थान (प्रतिज्ञा),
९. मैत्री (मित्रता),
१०. उपेक्षा (तटस्थता)

यी दशवटा गुणधर्महरूलाई अभ्यास नगरिकन अर्थात् यी दशपारमिता धर्महरूलाई आफ्नो आचरणमा प्रयोग गर्न नसकेसम्म बुद्ध हुन सक्दैन ।



Downloaded from http://www.dhamma.digital

बोधिसत्वले दान दिने विधि र साधारण मानिसले दान दिने विधिमा फरक छ । बोधिसत्वले दान दिँदा परोपकार मनसाय राखी दान दिने गर्छ। त्यसैले बोधिचित्त भएको व्यक्तिले केही पनि गुण नभएका दुष्ट व्यक्तिहरूलाई समेत घृणा नगरिकन दान दिने गर्छ । दान दिइसकेपछि त्यस्ता केही गुण नभएको चरित्र भ्रष्टलाई दान दिन पुगेछु भनेर पश्चाताप गर्ने बानी हुँदैन । बोधिसत्वको बैगुणीलाई दान दिँदा मन कमजोर हुन्छ कि भनेर आफूले आफैंलाई परीक्षा गर्ने बानी हुन्छ उसको । किनभने बुद्ध हुने व्यक्तिको चित्त विचलन हुनुहुँदैन । त्यसैले बुद्ध हुनका लागि चाहिने चित्त आफूमा छ कि छैन भनी बारम्बार उसले आफ्नो चित्तलाई परीक्षा गरिरहेको हुन्छ । दान दिने क्षणमा पनि आफूले गरेको दान कार्यबाट उसले केही पनि भौतिक लाभको आशा गर्दैन । केवल बुद्धत्व प्राप्तिको लक्ष्यलाई मात्र पूरा गर्ने आशा राख्दछ ।

तर साधारण मानिसले दान दिने बेला उसले यसरी आशा गरेको हुन्छ, यो दान गरेको पुण्यले मैले परलोकको सुख भोग गर्न पाओस्, यहाँबाट मरेर गएपछि स्वर्गमा जान पाओस्, मेरो नाम र यशकीर्ति चारैतर्फ फैलियोस् आदि आदि । यसरी धेरैजसो व्यक्तिले केही भौतिक फाइदाको आशा राखी दान दिने गर्छन् र देखावटी धर्म गर्न तम्सन्छन् । ब्याज दिने आशा लिई पैसा सापटी दिने जस्तै । यस्तो अवस्थामा परेको कुनै पनि व्यक्तिले दान दिए पनि उसको मनमा लोभचित्त भने कम हुन सक्दैन ।

फेरि धेरै जसो व्यक्तिले दान दिइसकेपछि आफूसँग दान लिने व्यक्तिबाट कुनै प्रतिकूल व्यवहार वा घटना हुने बित्तिकै यसरी मनमा चिन्तना गर्न थाल्छन्- "मैले त्यत्तिका


Downloaded from http://www.dhamma.digital

दान दिँदा पनि, त्यत्तिका उपकार हुने कार्य गरिदिँदा पनि गुणन नदेख्ने बैगुणी, मैले भनेको अलिकति पनि कुरा नसुनिदिने बेइमानलाई बेकारमा दान गरेछु। त्यस्तालाई किन उपकार गर्न पुगेछु मैले। सबै धर्मकार्य खेर गयो बेकारमा... आदि। यसरी धेरै जसो मानिसहरूले पुण्यकार्य गर्दा, दान दिँदा आफ्नो नाम चलाउने र अरूभन्दा आफू कम छैन भन्ने रवाफ देखाउने, देखावटी धाक जमाउने प्रवृत्तिले ओतप्रोत भई पुण्यकार्य गरिरहेका हुन्छन्। त्यसैले होला बुद्धले भन्नुभएको छ - "दान दिनु ठूलो कुरो होइन, त्याग गर्नु ठूलो कुरो हो।"

तर यस बुद्ध शिक्षालाई धेरैजसो व्यक्तिले बुझ्न सकिरहेको भने छैन। त्यसैले होला नेपालमा विहार बनाएर दाताले भिक्षुसंघलाई दान भने दिन्छन्। तर पछि गएर उनीहरूको मनमा हामीले बनाएको विहार यो। यसमा हाम्रो अधिकार छ। भिक्षुहरू दाताको अधिनमा रहनुपर्छ आदि आदि भन्ने धारणा रहेको हुन्छ। उनीहरूको मनको यस्तो धारणालाई उनीहरूको व्यवहारले देखाइरहेको हुन्छ भने वचनबाट पनि प्रष्ट्याइरहेको हुन्छ। त्यसैले बुद्ध शिक्षालाई चिन्तन मनन मात्र गर्नु त्यति ठूलो कुरो होइन। यसलाई व्यवहारमा नै उतार्न सक्नु मात्र ठूलो कुरो हो। त्यसको लागि बोधिचित्तलाई दैनिक जीवनमा उतार्ने कोशिस गर्नैपर्ने देखिन्छ। बोधिसत्व र बोधिचित्तलाई चिन्न जति सजिलो छ बन्न त्यति सजिलो रहेनछ।

अब बोधिचित्तको बारे चर्चा गरूँ। बुद्धत्व प्राप्त गर्नु सजिलो छैन। बुद्धत्व प्राप्त गर्ने योग्यता हामीमा नभए पनि बोधिचित्त त हुनसक्छ र बोधिचित्त भएको मान्छे त बन्न सक्छ। आफूमा अरूको सेवा र भलो हुने योग्यता शक्ति नहुन सक्छ। तर आफूले गरिरहेको काम अरूको हित र भलो हुने


Downloaded from http://www.dhamma.digital

तरिकाले गर्न सक्नुपर्दछ। उदाहरणको लागि एक दुई घटना प्रस्तुत गर्छु। एक शिक्षकले स्कूलमा पढाउनु र अध्यापन कार्य गर्नु आफ्नो रोजगार भए पनि राम्रोसँग ध्यान दिएर करूणापूर्वक पढाएर विद्यार्थीको जीवन सफल होस्, असल नागरिक तथा असल मान्छे बनोस्, भविष्य उज्ज्वल होस् भन्ने सोचिकन पढाइदिएको खण्डमा परोपकार हुन्छ अनि शिक्षकमा बोधिचित्त हुन्छ कि !

सरकारी जागिरदारहरूले इमानदारीपूर्वक काम गरि दिएको खण्डमा उहाँहरूमा बोधिचित्त हुनेछ। घूस खाने आशाले अनेक बहाना बनाई काम नगरिकन आनाकानी गरेको खण्डमा परोपकारी र बोधिचित्त हुने छैन। हितैषी भावले काम गरेको खण्डमा परोपकार हुन्छ। त्यस्तो सेवाभावले काम गर्ने मानिसमा बोधिचित्त हुनसक्छ।

पसलमा बस्ने व्यापारीले तराजुलाई ठीक नपारी ढक पनि ठीक नपारी सामान बेचबिखन गरेको खण्डमा अविश्वासको पात्र भई बेइमान बन्न पुग्छ। त्यस्ता काम गर्ने मान्छेले परोपकार गर्न सक्दैन। इमान्दार व्यापारी बन्न सके उ परोपकारी बन्न सक्छ। उसमा बोधिचित्त हुनसक्छ।

अस्पतालमा औषधिउपचार गर्ने डाक्टरले करूणापूर्वक दया राखी उपचार गरेको खण्डमा बोधिचित्त भएको बोधिसत्व बन्नसक्छ। आफ्नो क्लिनिकमा उपचारार्थ ध्यानाकर्षण गरी ओपचारिकरूपमा करकापले बिरामीको जाँच गरेर औषधिउपचार गरेको खण्डमा परोपकार हुँदैन।

वर्षात्को समयमा मोटरसाइकल र मोटरगाडी चलाउने मानिसहरूले मानिसहरू हिँडिरहेको ठाउँमा विस्तारै चलाएको खण्डमा परोपकार हुने थियो। फूर्तिसाथ गाडी चलाउँदा अरूको


Downloaded from http://www.dhamma.digital

जीउमा हिलो छ्यापेर जानु अशिक्षितपनाको लक्षण तथा परिचय दिने हुन्छ ।

धर्मप्रचारकहरूले (भिक्षुहरूले) मनुष्य जीवन सुधार हुने, मानिसलाई असल मान्छे हुने खालको उपदेश र शिक्षा दिए यो पनि परोपकारको काम हो । केरा खाएर बाटोमा र बसमा जथाभावी नफाले यो पनि परोपकारको र बोधिचित्त भएको काम हो ।

अँध्यारो गल्ली तथा बाटोमा बटुवाहरूलाई सजिलो र सुविधा हुने गरी झ्याल बाहिर बत्ती एउटा राख्नसके यो पनि परोपकारको काम गर्ने गर्दछन् ।

एकदिन असनमा एउटी भोटेनीले बाटोको बीचमा फालिराखेको केराको बोक्रा टिप्दै सडकको छेउमा थुपारेको देख्दा यो उपकार र बोधिचित्तको कुरा हो जस्तो लाग्यो ।

मालिकले सेवकप्रति दया राखी समयमै तलब दिनु, विसञ्चो हुँदा औषधिउपचार गरिदिनु यो पनि बोधिचित्त भएका व्यक्तिको काम हो । त्यस्तै हरेक क्षेत्रमा इमानदारीसाथ आफूले गर्नुपर्ने कर्तव्य पालन गर्न सके यो पनि परोपकारको कुरो हो । बोधिचित्तको गुण हो ।

अरूको हित हुने काम गर्नेबेला अरूबाट केही सहयोग लिने मनसाय राख्नु हुन्न । नाउँ कमाउन र प्रशंसा पाउने इच्छा राख्यो भने ब्याज लिने इच्छाले पैसा सापटी दिने जस्तै सही उपकार गरेको हुँदैन । 'बहुजन हिताय' मनमा राखी गरेको कामलाई बोधिचित्त भनिन्छ । यसमा करूणा र प्रज्ञा समाहित हुन्छ ।

– २५४७ औं बुद्धजयन्ती स्मारिका



Downloaded from http://www.dhamma.digital

# ईर्ष्या

मानिसहरूमा धेरै कमजोरी छन् । अर्को भाषामा भन्ने हो भने मानिसको मनमा धेरै क्लेश र कुसंस्कारहरू लुकिरहेको हुन्छ, जस्तै: लोभ, द्वेष, अहंभाव, संकुचितभाव आदि । यहाँ चर्चा गर्न लागेको ईर्ष्याको मात्र हो ।

ईर्ष्या बडो खतराको दुर्गण हो । ईर्ष्यालु मानिसले जे पनि नराम्रो काम गर्न सक्छ । ईर्ष्या भन्ने दुर्गुण धर्मात्माहरूमा पनि हुन्छ । ईर्ष्यालुमा मैत्री र करूणा भाव पटक्कै हुँदैन । सधैं द्वेषभाव, बदला लिने चेतनाले मानिसलाई डाह भइरहन्छ ।

धर्मात्मामा पनि ईर्ष्या भएको उदाहरणार्थ बुद्धकालीन एउटा दुइटा घटना प्रस्तुत गर्दछु – भगवान् बुद्ध श्रावस्तिको जेतवनाराम बस्नुहुँदाको घटना हो । भगवान् बुद्धको शुद्ध चरित्र र असल व्यवहार बारे उपदेश सुनेर मानिसहरू प्रभावित भएर खूब मान सम्मान गर्न थाले र दान प्रदान पनि गर्न थाले । फलस्वरूप तीर्थंकर (अबौद्ध) हरूलाई मान सम्मान र लाभसत्कार कम हुन थाले । अनि ईर्ष्याले डाह हुन थाले । उनीहरूले झूठो आरोप लगाउन भनी प्रचार शुरू गरे- भगवान् बुद्धले उपदेश दिँदाखेरि आफू र आफ्नो शिष्य भिक्षुहरूलाई मात्र दान दिनु, अरूलाई नदिनु भन्छन् ।



Downloaded from http://www.dhamma.digital

यो अफवाह आगो फैलेझैं फैलियो । मानिसहरूले भन्न थाले, बुद्धको मन पनि सांगुरो रहेछ। यो त अति अशोभनीय कथन छ । भिक्षुहरू बाटोमा हिंड्न पनि सकेन । भिक्षुहरूलाई जथाभावी गालि गर्न थालियो। कोशल महाराजको दरबारसम्म यो अफवाह पुग्न थाल्यो। अनि कोशल महाराजलाई नरमाइलो लाग्यो। यो राम्रो कुरा होइन। यस्तो कुरा बुद्धबाट हुनै सक्तैन । यो अफवाह निवारण गर्नुपऱ्यो भनी झ्याली पिटाइदियो- फलाना दिन फलाना समयमा फलानो ठाउँमा सबै धर्मका अनुयायी उपस्थित हुनुपऱ्यो । कोशल महाराजले भगवान् बुद्धलाई पनि निमन्त्रणा दिनुभयो । सबै जम्मा भइसकेपछि मञ्चमा बुद्ध समक्ष राजाले प्रश्न गरे - भन्ते, दान कसलाई दिनुपर्छ ?

बुद्ध उत्तर दिनुहुन्छ- जसलाई मनपर्छ, उसलाई दिने, बुद्धले भन्नुभएन, बुद्धलाई वा आफ्ना शिष्य भिक्षुहरूलाई दिनुपर्छ ।

अनि पछि कोशल महाराजले सम्बोधन गर्नुभई भन्नुभयो - प्रजाहरू, भगवान् बुद्धप्रति ईर्ष्याले नराम्रो अफवाह फैलाएर भगवान् बुद्धलाई बदनामको लागि ईर्ष्याले षडयन्त्र रचेको हो। झूठो प्रचारलाई विश्वास नगर। त्यसपछि त्यहाँ शान्ति भयो।

ईर्ष्या भनेको साधारण मानिसमा हुनु त अस्वभाविक होइन तर त्यागीहरूमा पनि देखिन्छ। थाइल्याण्डमा एक जना प्रसिद्ध ठूलो भिक्षु थिए। उहाँको व्यक्तित्व, शुद्ध आचरणले गर्दा उहाँको नाउँ प्रचार हुनथाल्यो, ठूलो कीर्ति फैलिन थाल्यो । फलस्वरूप अर्को विहारको भिक्षुलाई असहृय भयो। ईर्ष्याले डाह हुनथाले । त्यो प्रसिद्ध भन्तेको समक्ष एकजना उपासिका १०,


Downloaded from http://www.dhamma.digital

१२ हात टाढा अगाडि बसी कुरा गरिरहेको अवस्थामा पछाडिबाट ती उपासिकासँगै बसेको गरी फोटो खिचे, अखबारमा छापेर त्यो ठूलो नामी भिक्षुको बदनाम गरिदियो। त्यो भन्ते थाइल्याण्डमा बस्न नसकेर नेपालमा आएर बसे। उता थाइल्याण्डमा सरकार ले खोजतलास गरी पत्ता लगाइयो, त्यो भन्तेको बदनामको लागि षडयन्त्र गरेको पनि निर्णय गरियो। ईर्ष्या साह्रै खतरा छ।

जापानमा एकजना आइमाइ रूप सुन्दरी भनी चुनियो। अर्को रूप सुन्दरी अपेक्षीले रूपसुन्दरी चुनेकोलाई तेजाब बोटलले हानिदियो। फलस्वरूप तिनको मुख बिरूप हुन गयो। यो ईर्ष्याको परिणाम हो। ईर्ष्याले अरूको राम्रो काम देखे द्वेषभाव जागृत हुन्छ। अनि अशान्त वातावरण सिर्जना हुन्छ।

-अमृतोपदेश, २०६४

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# बुद्धको स्वतन्त्र चिन्तन

भगवान् बुद्धको विशेषतामध्ये उहाँले स्वतन्त्र चिन्तनलाई मान्यता दिइएको छ । उहाँले कुनै पनि ग्रन्थलाई आँखा चिम्लेर मान्यता दिनुभएको छैन । उहाँले दिनुभएको उपदेश कुनै पनि पुस्तकका रूपमा स्थापना भएको छैन । उहाँ परिनिर्वाण भएको चारसय वर्षसम्म भिक्षुहरू गुरु - शिष्य परम्परादेखि कण्ठमात्र गरी संरक्षण भइरह्यो । बुद्ध परिनिर्वाण भएको ४०० वर्षपछिमात्र श्रीलंकाका राजा वट्टगामिणीको पालामा तालपत्रमा त्रिपिटक लिपिबद्ध गरियो । पछि पुस्तकको रूपमा उत्पादन भयो ।

उहाँको स्वतन्त्र चिन्तनबारे अंगुत्तर निकायको तिकनिपातमा रहेको कुरालाई सक्षिप्तरूपमा यहाँ प्रस्तुत गर्दछु, जुनबाट बुद्ध एक वैज्ञानिक गतिशील भन्ने कुरा स्पष्ट हुन्छ ।

Dhamma.Digital

एक समय गौतम बुद्ध कोशल जनपदमा धेरै भिक्षुसंघका साथ चारिका गर्नुहुदैं कालाम भन्ने गाउँमा पुग्नुभयो । कालामीहरूले थाहापाए कि शाक्यकुलबाट प्रव्रजित शाक्यपुत्र श्रमण गौतम हामीकहाँ आउनुभएको छ । उहाँ बुद्ध ठूला, यशकीर्ति फैलिएका अति पूजनीय हुनुहुन्छ । त्यसरी नै आचरण पनि परिशुद्ध छ । उहाँभन्दा उत्तम अरू कोही छैनन् । बुद्धले बताउने उपदेश धेरैलाई आदि, मध्य र अन्तसम्म कल्याण र हित हुन्छ । यस्ता उत्तम महापुरुषको दर्शन गर्नु अति उत्तम छ ।



Downloaded from http://www.dhamma.digital

कालामीहरू जहाँ बुद्ध हुनुहुन्छ, त्यहाँ गए । पुगेर श्रद्धापूर्वक बिन्ती गरी एक छेउमा बसे । तत्पश्चात् उनीहरूले आफ्नो मनको कुरा भने - भन्ते ! यहाँ हामीकहाँ धेरै नै श्रमण प्रव्रजितहरू आउँछन् । उनीहरूले आ-आफ्नो धर्मको खूब प्रचार गर्दछन्, अरू धर्मको खण्डन गर्दछन्, निन्दा गर्दछन् । त्यसरी नै अरू पनि आउँछन्, त्यसरी नै आफ्नो सिद्धान्तलाईमात्र ठूलो भन्दछन्, अरू सिद्धान्तलाई दोष दिई निन्दा गर्दछन् । भन्ते ! उनीहरूको परस्पर नमिलेको कुरा सुनेर हामी त भ्रममा परेका छौं, शंकामात्र भएको छ, कसको कुरा ठीक छ, कसको असत्य ? तपाईले नै हामीलाई राम्रारी बताइदिनुस् ।

गौतम बुद्धले बताउनुभयो - हे कालामीहरू ! शंका गरेको ठीक छ । सन्देह गरेको पनि ठीक छ । शंका गर्नुपर्ने ठाउँमा शंका उत्पन्न भयो । हे कालामीहरू ! मेरो कुरा राम्ररी सुन । तिमीहरूले जसले जेसुकै भनेता पनि यो कुरा कहिल्यै नसुनेको भनी स्वीकार नगर । फेरि परम्परादेखि आएको भनी, न्यायानुकूल छ भनी, उपदेश दिने व्यक्ति आकर्षक छ भनी, विद्वान् छ भनी स्वीकार नगर । पुस्तकमा लेखिएको भनी स्वीकार नगर ।

हे कालाम ! आफूले नै राम्ररी अनुभव गरी राम्रो, नराम्रो छुट्याऊ । यो कुरा आचरण गर्नाले पछिसम्म हित र कल्याण हुन्छ भन्ने महसुस भएमा मात्र स्वीकार गर, अन्यथा स्वीकार गर्नु पर्दैन । जसरी कि सुनारले सुन राम्रो हो, होइन भनी कसीमा घोटेरमात्र स्वीकार गर्ने हो, त्यसरी नै जो कोहीले भनेता पनि आफ्नो स्वतन्त्र चिन्तनले विचार गरेर मात्र स्वीकार गर ।



Downloaded from http://www.dhamma.digital

पुस्तकमा लेखेको छ भनेर स्वीकार नगर भनेको उपदेश बारे एकपल्ट विचार गरौं। जसरी आमाले पकाएर दिएको दाल, भात, तरकारीमा कपाल र बालुवा आउन सक्छ । आमाले दिएको भन्दैमा आँखा चिम्लेर नखाई कपाल र बालुवा छुट्याइ खान जान्नुपर्दछ। यसरी नै पुस्तकमा काम नलाग्ने, व्यवहारिक नभएको, अन्धविश्वासका कुरा पनि आउन सक्छ, पुस्तकमा छ भन्दैमा स्वीकार गर्नु हुँदैन ।

बुद्धको यो स्वतन्त्र चिन्तनको कुराले गर्दा आज युरोपमा समेत बुद्धको शिक्षा प्रचार भएको छ। बुद्धको स्वतन्त्र चिन्तनको कुरा विज्ञान सम्मत रहेको छ। अंग्रेजहरू बुद्धशासनमा भित्रिएको यो स्वतन्त्र चिन्तनको कुरा सुनेर हो ।

**– अमृतोपदेश २०६४**

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# ज्ञान प्राप्त गर्नुको अर्थ बोध हुनु हो

अज्ञानी रहुञ्जेलसम्म बोध हुनु गाह्रो हुन्छ । सिक्नु, सुन्नु अर्कै कुरा हो, बुझ्नु अर्कै कुरा हो । बुझेर व्यवहारमा उतार्नु अर्कै कुरा हो । ज्ञानको कुरा सुनेर हृदय परिवर्तन हुनुलाई बोध हुनु भनिन्छ । यस कुरा बुझ्नलाई यहाँ बुद्धकालीन एक घटना प्रस्तुत गर्दछु ।

एक दिन पूर्णिका नामक दासी केटी बिहानै उठेर पानी लिन खोलामा गइन् । त्यहाँ एकजना ब्राह्मण जाडो महिनामा थरथर काप्दै, स्यू स्यू कराउदै पानीमा डुबुल्की लगाउँदै नुहाउँदै थियो । पूर्णिका दासीले त्यस ब्राह्मणसंग सोधिन्- ब्राह्मण बाजे, म त दासी हुँ, अनाथपिण्डिक महाजनको । साहुज्यूले गाली गर्ला भनेर बिहानै उठेर जाडो नभनिकन पानी लिन आउँछु । तपाई कसको डरले यस्तो जाडोमा नुहाइरहनुभएको ? ब्राह्मणले भन्यो- कसैको डरले पनि होइन । कोसँग डराउनु छ र ? पापबाट मुक्त हुन पो नुहाउन आएको हुँ । नुहाउँदा पाप पखालेर जान्छ ।

त्यो कुरा सुनेर पूर्णिका दासीले भनिन् - ब्राह्मण बाजे, नुहाएर पाप पखालेर जाने हो भने पानीले पुण्य पनि पखालेर लैजान्छ नि । पानीमा नुहाएर पाप काट्ने हो भने यो नदीमा सधैं बाँचिरहने, बस्ने माछा, सर्प, भ्यागुता, गोही आदि जलचरहरू धेरै पवित्र हुनुपर्छ । तपाईभन्दा तिनीहरू धेरै धर्मात्मा हुनुपर्छ । बाजे, नुहाएर पाप कट्दैन । चित्त शुद्ध हुनुपर्छ ।



Downloaded from http://www.dhamma.digital

अरूलाई दु:ख दिने काम गर्नु भएन। मन शुद्ध गर्न सकिएमा मात्र पाप लाग्दैन। चित्त शुद्ध भएको व्यक्तिले अरूलाई अप्ठ्यारो हुने काम गर्दैन। उसलाई धर्म लाग्छ। चित्त शुद्ध नभएको व्यक्ति नुहाउँदैमा पाप कट्दैन।

पूर्णिका दासीको कुरा सुनेर ब्राह्मणलाई अचम्म लाग्यो। यो अशिक्षित दासीले कस्तो नौलो कुरा सुनाइन्। चित्त शुद्ध हुनुपर्छ रे। चित्त शुद्ध भएमा मात्र पुण्य लाग्छ रे। पाप कटेर जान्छ रे। आज नौलो कुरा सुनाइन् भनी विचार गरेर ब्राह्मणले सोधे दासीसँग - ए केटी, तिमीले यस्तो कुरा कहाँबाट जानेको ?

उनीले भनिन् - हाम्रो साहुजी अनाथपिण्डिकको घरमा समय समयमा भगवान् बुद्ध आउनुहुन्छ। उहाँ उपदेश दिनुहुन्छ। उपदेश दिनुहुँदा उहाँले धेरैजसो भन्नुहुन्छ, चित्त शुद्ध हुनुपर्छ। अनिमात्र धर्म लाग्छ। खूब मेहनत गरेर कमाउनुपर्छ। काखीमुनिबाट पसिना बग्ने गरी इमान्दारीसाथ मेहनत गर्नुपर्छ। आफ्नो मेहनतको फल ठूलो हुन्छ।

"ए, भगवान् बुद्धबाट सिकेको शिक्षा हो यो ? यो त साह्रै राम्रो कुरा हो। हाम्रो गुरूहरूले र अन्य ब्राह्मणहरूले भगवान् बुद्धकहाँ जानु हुँदैन, बुद्धको कुरा सुन्नु हुँदैन। सुनेमा मायाजालमा फसाइदिन्छ। दान दिनुपर्छ र दान दिनेमात्र कुरा गर्नुहुन्छ भनेको होइन रहेछ। चित्त शुद्ध हुनुपर्छ भनेको त ठूलो कुरा हो। ममा त्यस्तो ज्ञान रहेनछ। म पनि बुद्धकहाँ जान चाहन्छु। तिमीले मलाई भगवान् बुद्धकहाँ लैजान सक्छौ ? भनी ब्रह्मणले सोधे।

लैजान सक्छु, आउनोस् भनेर पूर्णिकाले बाह्मणलाई भगवान् बुद्धकहाँ पुऱ्याइदिइन्। ब्राह्मणले दासीको कुरा सबै



Downloaded from http://www.dhamma.digital

सुनाए भगवान् बुद्धलाई । म अति प्रसन्न भएर यहाँ आएको हुँ । पापबाट मुक्त हुनको लागि चित्त शुद्ध हुनुपर्छ रे, हो शास्ता ? भनी प्रश्न गरे । हो, चित्त शुद्ध हुनुपर्छ, कुरा गर्दा झुठो बोल्नु हुँदैन, चुक्ली बोल्नु हुँदैन । चक्कुले ढसिदिनेझैं कडा वचन बोल्नु हुँदैन । कसैलाई काम नलाग्ने अनर्थक कुरा गर्नु हुँदैन । शरीरले पनि अरूलाई अहित हुने काम गर्नु हुँदैन । अरूले नदिएसम्म कुनै बस्तु लिनु हुँदैन । पुण्यकर्म गर्दा त्यसको ठूलो फल पाइन्छ भनेर आशा पनि गर्नु हुँदैन । पुण्य कर्म गर्दा, दान दिंदाखेरि लोभ लालच हराएर जान्छ । दान दिएर स्वर्ग प्राप्ति हुन्छ भनेर पनि आशा गर्नु हुँदैन । दान दिनु भनेको त्याग चेतनाको कुरा हो । दान दिएर अरू पाउने आशा गर्नु त पैसा सापटी दिएर व्याज पाउनेझैं हो । त्यसैले चित्त शुद्ध हुनुपर्छ । चित्त शुद्ध गरी गरिएको कर्मको फल ठूलो हुन्छ । चित्त शुद्धले आनन्द पाउँछ । धेरै नै निष्कलंकको शान्तिको अनुभव हुन्छ । पाप कर्म नगरेर मात्र पुग्दैन । राम्रो काम गर्नु पनि अभ्यास गर्नुपर्छ । यतिलेमात्र पुग्दैन । चित्त शुद्ध हुनुपर्छ ।

भगवान् बुद्धको उपदेश सुनेर ब्राह्मण झन् प्रशन्न भयो । साँच्चै नै रहेछ यो पूर्णिका दासीले भनेको कुरा । अहिलेसम्म यस्तो कुराकसैले पनि भनेको छैन, सुनेको पनि छैन । म परम्परावादी बनें, मिथ्यादृष्टिक बनें । मेरो विश्वास र धारणा ठीक रहेनछ । यो पूर्णिका दासीको संगतमा परेर भगवान् बुद्धलाई भेटन् पाएं । म मुक्त भएं । बोध भएं । मेरो हृदय परिवर्तन भयो । साधु । साधु ॥ साधु ॥।

– अमृतोपदेश २०६४



Downloaded from http://www.dhamma.digital

# धर्मप्रचार र हृदय परिवर्तन

बोधिज्ञान प्राप्त गर्नुभएपछि सिद्धार्थ गौतमले पहिलोपल्ट सारनाथमा धर्मचक्रप्रवर्तन गर्नुभएको थियो । धर्मचक्रको अर्थ हो धर्म आचरणमा निरन्तरता हुनु र मध्यममार्गको अनुसरण गर्नु । मध्यममार्ग भनेको भिक्षुहरूको र अन्य मानिसहरूको अति विलासितामय (राम्रो लुगा लगाउनु र मीठो मीठो खाना खानु) र पर्याप्त खाना न खाइकन कष्टमय जीवन छोडी मध्यम शैलीको जीवनयापन गर्नु । आफूले अनुभव गरेर मात्र बुद्धले मध्यममार्गलाई अति उपयोगी भएको कुरा महसुस गरी यसलाई प्रचारमा ल्याउनुभयो । तत्कालीन भिक्षु संघलाई तीन महिनासम्म बुद्ध स्वयंले मध्यममार्ग विषयमा तालिम दिनुभएको थियो । तालिम प्राप्त भइसकेपछि भिक्षु संघलाई निर्देशन दिनुभयो- 'भिक्षुहरू ! हामी सबैप्रकारको बन्धनबाट मुक्त भयौं । अब हामी एउटै ठाउँमा नबसी एक एक जना गाउँ गाउँमा र नगर निगमहरूमा बहुजनहित र बहुजन सुखको लागि विचरण गरौं । जनताहरू धेरै अज्ञानी छन् । तिनीहरूको हृदय संकीर्ण र संकुचित छ, मतलब चित्त साँधुरो छ, फुक्का छैन । जीवनलाई कसरी सुखमय बनाउने भन्ने जिउने कलाको ज्ञान छैन । आचरण शुद्ध हुनुपर्नेबारे केही ज्ञान छैन । लोभलालच र ईष्यालु स्वभावका छन् ।'

माथि उल्लेख भएको बुद्धको निर्देशन बहुजनहित र बहुजनसुखको लागि विचरण गर भनेको अर्थ के हो ? यहाँ



Downloaded from http://www.dhamma.digital

बहुजन शब्द मात्र प्रयोग गर्नुभएको छ, सर्वजन भनेर भन्नुभएको छैन । बहुजनहिताय भनेको मानिसहरूको घरघरमा गएर उनीहरूको काम गरिदिनु, धान रोपिदिनु, भारी बोकिदिनु भन्नुभएको त होइन होला ! यहाँ बुझ्नुपर्ने कुरा मानिसहरूको चरित्र राम्रो छैन, सफा सुग्घर गरेर बस्न जानेका छैनन् । अलिकति पनि सहनशीलता र सन्तोषी भएर बस्ने ज्ञान छैन । त्यस्ता मानिसलाई शान्तिपूर्वक जीवन बिताउन नैतिक शिक्षा अर्थात् बुद्धको भाषामा भन्ने हो भने शील सदाचार आचरणको उपदेश दिनु हो । भिक्षुहरूको शान्त जीवन राम्रो व्यवहार तथा आचरणशुद्धिको कुरा सुनेर र देखेर मानिसहरू प्रभावित एवं हृदयपरिवर्तन भई शान्तपूर्वक जीवन बिताउन सकेको खण्डमा समाजमा शान्त वातावरण कायमै हुनेछ, तब मात्र शान्ति मिल्नेछ । बुद्धले बहुजनहीताय बहुजनसुखाय भन्नुभएको अभिप्राय यही हो । यही नै धर्म प्रचार हो ।

आजभोलि धर्मप्रचारको नाउँमा विहार बनाएर बुद्ध मूर्ति स्थापना गर्नु, महापरित्राण पाठ गराउने, बुद्धपूजा र धर्मदेशना गराउने, पत्रपत्रिका र पुस्तकहरू छापेर वितरण गर्ने मात्रलाई धर्मपचार र धर्म आचरण ठान्छन् । यी गतिविधिहरू धर्मप्रचारका साधन हुन्, बुद्धको शिक्षा र धर्म चीरस्थायी हुने तरिका भने अर्कै छ । ती हुन्: धर्म प्रचारकहरूको आचरण र चरित्र राम्रो हुनु, सहनशील हुनु, त्यागी स्वभाव हुनु, निस्वार्थ सेवाभाव हुनु । यी आवश्यक गुणहरू हुन् । आक्रोश र आक्रात्मक स्वभाव नहुनु अति महत्वपूर्ण कुरा हो । स्वयं मलाई पनि होस नभएको बेला आक्रोशित स्वभावका मानिससँग बस्दा क्रोधलाई दबाउन गाह्रो हुन्छ । यस्तो बेलामा मैत्री चित्त पनि हराएर जाँदोरहेछ ।



Downloaded from http://www.dhamma.digital

बुद्धमार्गीहरूमा बुद्धपूजा आदि भक्तिमार्गको साथै आचरण शुद्धि गर्ने ज्ञान मार्गमा लाग्ने अभ्यास हुनुपरेको छ। देखावटी र आडम्बरी धर्मकर्मबाट उठिनु राम्रो हुनेछ। एकचोटि एकजना ब्राह्मणले बुद्धसँग सोध्नुभयो-'तपाईको जात के हो ?' बुद्धले भन्नुभयो - 'जात किन चाहियो ? आचरण सोध न।' आचरण राम्रो हुनु धर्मप्रचारको लागि ठूलो महत्वपूर्ण कुरा हो। बुद्ध शासन चीरस्थायीको लागि यही कुरा अत्यावश्यक छ।

हिजोआज खुब चर्चा हुने गर्छ - धर्मप्रचारक भिक्षु भिक्षुणीहरूको आचरण ठीक भएन, लोभ, लालच र लाभ सत्कार मा आसक्त भएको छ। यो त ठीकै कुरो हो। अर्को संघ संस्थामा गृहस्थी पदाधिकारी पनि उपर्युक्त अपवादबाट बचेको छैन। अर्को कुरा यसको सँगै दोष भिक्षुहरूको मात्र होइन, दाताहरूको पनि हो। भिक्षुहरूले धर्म उपदेश दिने नै गृहस्थीहरूको दृष्टि शुद्ध गर्नलाई हो तर धेरैजसोले आचरण र दृष्टि शुद्धितिर नलागी देखावटी धर्मकर्ममा मात्र लागेर पाप नास हुन्छ भन्ने ठान्छन्। बुद्धको शिक्षाअनुसार चित्त शुद्ध नभई पापबाट मुक्त हुने होइन। धर्मप्रचारक भिक्षु भिक्षुणीहरूमा लोभलालच हुनु र आचरण शुद्ध नहुनु साह्रै अशोभनीय कुरा हो। यसो हुनु धर्मप्रचारमा र बुद्धशासन चीरस्थायी गर्ने कार्यको लागि बाधा जस्तो लाग्छ।

भिक्षु र श्रमणरूपको महत्वतिर विचार गरौं। राजा अशोकको निग्रोध नामक श्रामणेरसँग भेट भयो। उनको शान्त रूपदेखि प्रभावित भएर राजा अशोकले उनीसँग सोधे - 'तिमी को हौ ?' उत्तर थियो - 'बुद्धको अनुयायी श्रमण हुँ।' 'बुद्धको


Downloaded from http://www.dhamma.digital

शिक्षा भन्न सक्छौ ?' उनले उत्तर दियो - 'धेरै मानिसलाई मारेर जित्नुभन्दा आफ्नो मनलाई जित्न सक्नु ठूलो जित हो । अप्रमादी जीवन अमृत पथमा पुगेसरह हुन्छ । प्रमादी (लापरवाही) हुनु नै मरेको बराबर हुन्छ ।' यो सदुपदेश र त्यो श्रमणको शान्त स्वभावले राजा अशोकको हृदय परिवर्तन भयो । अशोकले उनको उपदेश अनुसरण गरी हिंसाकार्य त्यागी अहिंसा धर्म विजयतिर लागे । फलस्वरूप यही कार्य विश्वको लागि बहुजनहिताय बहुजनसुखाय हुन गयो ।

**काभ्रे टाइम्स, २० बैशाख, २०६२**



Downloaded from http://www.dhamma.digital

# धर्मात्मा व्यक्ति मृत्युदेखि डराउँदैन

मानिसलाई आफ्नो जीवनको धेरै माया, मोह र तृष्णा हुने भएकोले ऊ मृत्युभय देखि डराउँछ । यदि आफ्नो बारेमा आशा र माया नभएको भए सायद मानिस मृत्युको भयदेखि डराउँदैनथ्यो होला । त्यसैले आफूले गर्नुपर्ने कर्तव्य गरेको छ भने पनि मृत्युदेखि डराउनु पर्दैन । जसले अरूलाई दुःखकष्ट नदिइकन जीविका चलाउँछ, उसले मृत्युदेखि डराउनु पर्दैन । धर्मात्मा व्यक्ति मृत्युदेखि डराउँदैनन् । यस्ता व्यक्तिहरू बुद्धकालीन समयमा मात्र नभएर आजकालपनि विद्यमान छन् ।

गौतम बुद्ध श्रावस्ती नगरको जेतवनाराममा बस्नुभएको बेलाको घटना हो । त्यतिखेर त्यही नगरमा एकजना धार्मिक उपासक पनि बस्ने गर्दथे । ऊ नाममात्रको धार्मिक थिएन, उसको व्यवहार, रहनसहन र चालचलन सबै धार्मिक प्रवृत्तिको थियो । धर्मग्रन्थमा लेखिएअनुसारको उसको राम्रो आचरण भएकै कारणले टोलछिमेकी मानिसहरूले उसको नाम धार्मिक राखेका थिए । त्यो व्यक्ति धनी पनि थियो । ती उपासकमा दिनको कम्तीमा पनि एकपटक जेतवन विहारमा जाने बानी बसिसकेको थियो । विहारमा केही चीजवस्तुको आवश्यकता छ कि भनी सोध्ने गर्दथे । आफ्नो घरमा पनि सबैलाई आवश्यक चीजवस्तुहरूको समयमा पूर्ति गरी सदाचार र कर्तव्यपालनतिर सधैं ध्यान दिन्थे । छोराछोरीहरूलाई पनि नरम बोलीले अर्तिउपदेश दिने गर्थे ।



Downloaded from http://www.dhamma.digital

प्रकृतिको नियम अनुसार सबै प्राणी मरणशील हुन्छन् । त्यो धार्मिक उपासकको आयु पनि सकियो क्यारे ! एकदिन ऊ बिरामी भयो । उसले थाहा पायो कि अब ऊ बाँच्दैन । मर्नुभन्दा पहिले उसलाई बुद्धको स्मृतिप्रस्थानसूत्रको धर्मउपदेश सुन्ने इच्छा भयो । उसले आफ्नो छोरालाई भगवान् बुद्धसमक्ष गई सातआठजना भिक्षुहरू पठाइदिनु भन्ने प्रार्थना गर्नु भनी अह्राए ।

बुद्धको निर्देशनानुसार सात आठ जना भिक्षुहरू ती उपासकको घरमा गई सतिपट्ठान सूत्रको पाठ गरेर कथा भनिरहेको बेला उपासक बेहोस भयो । उसले बेहोसीमा देख्यो कि देवताहरू आ-आफ्ना विमान लिएर आई उनीहरूको विमानमा चढ्न निमन्त्रणा गरिरहेका थिए । अलिकति बेहोस बेला उसले हात हल्लाउँदै भन्यो-'नकराऊ जाऊ । तिमीहरू कराएकाले मलाई यहाँ बाधा भयो । अहिले म कथा सुन्दैछु ।'

त्यतिबेला उसकी श्रीमती र छोराछोरीहरू पनि विलाप गरी रून थाले - 'अहो के भएको ? हाम्रा बुबाको मृत्युको समय नजिक आएको हो कि !' भिक्षुहरू पनि अब कथा भन्ने बेला होइन भन्ने विचार गरी बुद्धकहाँ फर्केर गए । गौतम बुद्धले सोध्नुभयो - 'धार्मिक उपासकको के हालत छ ?'

भिक्षुहरूले भने-'हालत खराब छ । हामीलाई बीचैमा हात हल्लाएर भोभो जाऊ भने । हामी त उठेर आयौं ।'

बुद्धले भन्नुभयो- 'उसले राम्रो पूर्व निमित्त देखेको छ । उसले आफूलाई लिन आएको देवताहरूलाई देख्यो । त्यही देवताहरूलाई जाऊ भनेको हो ।'


Downloaded from http://www.dhamma.digital

यता धार्मिक उपासकलाई होस आयो र सोध्यो - 'भन्तेहरू कहाँ जानुभयो नि ? तिमीहरू किन रोइरहेका ?' छोराचाहिँले सबै घटना सुनाए । त्यो सुनिसकेपछि धार्मिक उपासकले भने-'मैले भिक्षुहरूलाई जानु भनेको नै होइन । मलाई के भयो, के भयो । मलाई सुगतिमा लानको लागि आएको पूर्व निमित्त देखेँ । उनीहरूलाई भनेको नि, जाऊ यहाँ मलाई बाधा नगर, कथा सुन्दैछु भनेर । अब म बाँच्दिन । तिमीहरू पनि सुन । एकदिन सबैले मर्नुपर्छ । अब मेरो जाने समय आयो । तिमीहरू पनि मकहाँ आउन चाहन्छौ भने राम्रो आचरण गर्दै रहनु, यथासक्य अरुलाई उपकार हुने कार्य पनि गर्नु र मिलनसार भइबस्नु । बुद्धको शिक्षाअनुसार हामीले आचरण गर्ने अभ्यास गऱ्यौं । त्यसैले टोलवासीहरूले हामीलाई धार्मिक भनी प्रशंसा गर्छन् । बाँचुञ्जेलसम्म यस्तै राम्रो आचरण र व्यवहार गर्न सकेको खण्डमा मृत्युदेखि डराउनै पर्दैन । मलाई त आनन्द छ । गर्नुपर्ने जति सबै काम गरिसकेँ । अब म ढुक्क छु ।' यति भन्दै ती उपासकले प्राण त्याग गरे ।

उपासकको मृत्युपछि भिक्षुहरूले बुद्धसमक्ष प्रश्न राखे- 'ती उपासकको अब कहाँ जन्म भयो होला ? सुगतिमा कि दुर्गतिमा ?' भिक्षुहरूको प्रश्नको जवाफ दिँदै बुद्धले भन्नुभयो- 'यस्तो प्रश्न पनि मलाई सोध्ने हो ? तिमीहरूलाई यतिसम्म शिक्षा दिइराखेको केही मतलब नै भएन । तिमीहरूलाई थाहा छैन, त्यो उपासकको चरित्र कस्तो थियो, राम्रो कि नराम्रो भनेर ? कसैलाई उसले दुःख दिएको थियो ? उसको कसैसित झगडा परेको थियो ? उसले कसैको केही वस्तु ठगेर लिएको तिमीहरूले देखेका छौ ?'


Downloaded from http://www.dhamma.digital

भिक्षुहरूले ती उपासकमा त्यस्तो कुनै खोट नभएको बताएपछि बुद्धले फेरि भन्नुभयो - 'मानिसले आफ्नो चरित्र र कामअनुसार जन्म लिन्छ । ती उपासकलाई नै थाहा छ, ऊ आफू मरेर कहाँ जान्छ भन्ने कुरा । यो त त्यसै थाहा हुनुपर्ने कुरा हो । मकहाँ आएर पनि यस्तो कुरा किन सोध्छौ ? कति अज्ञानी रहेछौ तिमीहरू । धिक्कार छ तिमीहरूलाई ।'

बुद्धको विचारअनुसार मृत्युपछिको कल्पना गर्नु बेकार छ । यो वर्तमान जीवनलाई राम्रो बनाउन सकेमा यहीँ नै स्वर्गको अनुभव गर्न सकिन्छ । बाँचुञ्जेल अरुलाई बाधा र कचिङ्गल हुने गरी बस्यो भने यही जीवनमा नै नरक गएको बराबर हुन्छ । वर्तमान जीवन राम्रो भए अतीत र भविष्य राम्रो भएको ठान्नुपर्ने बुद्धको शिक्षा हो । मरिसकेपछि श्राद्ध गरेर स्वर्ग पुऱ्याउने कल्पना गर्नुभन्दा जीउँदैमा समाजको हित हुने कामकुरा गर्नु उत्तम हुन्छ ।

**२०६३ काभ्रे टाइम्स**

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# बुबालाई शिक्षा दिने सुपुत्र

परापुर्व कालमा वसिट्ठक नामको एक पितृभक्त युवक थियो । उसको आमा दिवंगत भइसकेकी थिइन् र बुबा बूढो भइसकेका थिए । घरमा बुढाको सेवा गर्ने अरू कोहि थिएन । त्यसैले बसिट्ठक नै दिनका दिन तनमन लगाएर पिताको सेवामा संलग्न थियो । ऊ घरको काम सिध्याएर बाहिर पैसा कमाउन पनि जान्थ्यो ।

एक दिन बूढो बाबुले भन्यो - छोरा, यसरी कति दिन चलाउने ? पैसा कमाउनु र घरको काम पनि गर्नु सजिलो छैन । म तिम्रो विवाह गरिदिन्छु अनि घरको कामबाट फुर्सद पाउने छौ । त्यसपछि तिमीलाई आराम हुनेछ । बसिट्ठकले भन्यो - बुबा, म एक्लै तपाईको सेवा गरूँला अरू कोही चाहिँदैन ।

छोराको इच्छा विना नै बुढाले छोराको विवाह गरि दियो । बसिट्ठकले पिताको सेवा राम्रोसँग गर्नुपर्छ भनेर स्वास्नीलाई सम्झायो । केही महिनासम्म बुहारीले ससुराको सेवा गर्दै थिइन् । पछि विस्तारै व्यवहार फरक हुन थाल्यो । उनको पतिले कमाएर ल्याएको पैसा जम्मै बूढालाई दिने गर्थ्यो । त्यसैले बूढो र छोराबीच केही मनमुटाव गराउनु पर्‍यो भनेर बुहारीले व्यवहारमा फरक गर्न शुरू गरिन् । जानी जानी खाना पकाउँदाखेरि कहिले नून बढी हाल्ने त कहिले कम गर्न थालिन् । रोटी पनि कहिले आधा



Downloaded from http://www.dhamma.digital

पाकेको र कहिले डढेको रोटी दिन थालिन् । बूढो ससुराले केही भन्न खोज्यो भने झगडा पनि गर्थिन् । त्यसपछि उनले लोग्नेलाई भन्न थालिन्-बूढोले मलाई दासी सरह व्यवहार गर्न थाले । जतातत्तै थुक्ने गर्छन्, इत्यादि कुरा सुनाइन् । बसिट्ठकलाई दिक्क भयो । मेरो इच्छा विपरित विवाह गरिदिए अहिले बुढो बुहारी बीच कचकच हुन थाल्यो । बसिट्ठकले स्वास्नीलाई भन्यो-अब तिमी नै भन के गरूँ तिमी जे भन्छौ त्यस्तै गरूँला ।

स्वास्नीले भनिन् - बूढो विरामी हुन थाल्यो । सधैं झगडा हुने गर्छ । चित्त बुझाउन गाह्रो छ । स्मशानमा लगेर राति खाल्टोमा गाडेर आउने । पैसा सापटी लिएका ऋणीहरूसँग पैसा उठाउनु छ भनेर बूढोलाई बैलगाडीमा राखी लैजानुस् ।

बसिट्ठक स्वास्नीको सुझावअनुसार गर्न तयार भयो । उसको सात वर्षको बच्चाले दुवै आमाबाबुको कुरा सुनिराखेको थियो । भोलिपल्ट बूढोलाई बैलगाडीमा राखी लिएर गयो । त्यस बच्चा पनि चुपचाप बूढाको खाटमा सुत्न गयो ।

बसिट्ठकले राति गाडीमा कोदालो राखी बूढोसाथ गाडीमा बस्यो । जब गाडी स्मशानमा पुग्यो, बच्चा र बूढोलाई त्यहीं छोडी कोदालो लिएर अलि पर गएर एकान्तमा खाल्डो खन्न थाल्यो ।

बच्चा एकछिनपछि गाडीबाट ओर्लेर बुबाकहाँ गएर सोध्यो-बुबा, यहाँ आलु, तरूल आदि केही छैन फेरि यहाँ किन जमिन खनिरहेको ?

बसिट्ठकले आफ्नो छोरा नाबालक सम्झेर लापरवाहीसँग भन्यो-छोरा तिम्रो बाजे बूढो भएर विरामी भएकोले धेरै कष्ट


Downloaded from http://www.dhamma.digital

भोगिरहेका छन् । उहाँलाई त मर्नु नै जाति छ । त्यसैले मैले जमीनमा गाड्नलाई खाल्डा खन्न लागेको ।

बच्चाले भन्यो-बुबा, यो त धेरै नराम्रो काम भयो । आफ्नो बुबालाई जिउँदै गाड्नु ठूलो पाप हो । बसिट्ठकको बुद्धि भ्रष्ट भइसकेको थियो । उसले बच्चाको कुरातिर ध्यान दिएन । एकछिन थकाई मार्न भुइँमा सुत्यो । अनि बच्चाले उसको कोदालो लिएर अलि पर खाल्डो खन्न थाल्यो ।

बसिट्ठकले बच्चासँग सोध्यो-छोरा, तिमी व्यर्थको काम गर्दैछौ ? बच्चाले भन्यो - बुबा, तपाई बाजे जस्तै बूढो भएपछि यहीं जमिनमा गाडिदिन्छु । यो खाल्डो तपाइंको लागि अहिलेदेखि नै खनिराखेको । बुबाको अनुकरण गर्नु छोराको धर्म हो । तपाईंले शुरू गर्नुभएको प्रथालाई म निरन्तरता दिन चाहन्छु ।

छोराको कुरा सुनेर बसिट्ठकलाई होश आयो । उसले साँच्चै नै मैले आफ्नो पितालाई जस्तो कुकर्म गर्न खोजें, मलाई पनि त्यस्तै हुनेछ । मैले स्वास्नीको सल्लाह अनुसार ठूलो पाप कर्म गर्न लागेको रहेछु । मेरो छोराले मलाई ठूलो पाप कर्म गर्नबाट बचाइदियो । त्यसपछि बुबालाई घरमा लगेर राम्रोसँग सेवा गरी पालनपोषण गरेर शान्तपूर्वक बस्न थाले ।

आफ्नो बुबालाई शिक्षा दिने बच्चा बोधिसत्व रहेछ । यो जातक कथाको आधारमा लेखिएको हो ।

**दृष्टि सप्ताहिक, २०५६**



Downloaded from http://www.dhamma.digital

# सहनशिलताको चमत्कार

महर्षि दयानन्द फरुखावादमा गंगाको किनारमा बस्नुहुन्थ्यो । त्यहीं नजिकै अर्का एकजना साधु पनि एउटा सानो कुटी बनाई बसेका रहेछन् । महर्षि दयानन्द देखेर उसलाई ईर्ष्या भएछ । हरेक दिन त्यस साधुले दयानन्द स्वामीकहाँ गई उहाँलाई गाली गर्न सकेजति गाली गरी फर्किने गर्थ्यो । दयानन्द स्वामी भने उसको गाली सुनेर हाँसी रहनुहुन्थ्यो । केही जवाफ दिनुहुन्नथ्यो । दयानन्द स्वामीकहाँ आउने भक्तजनहरूले धेरै पटक उहाँलाई यसरी भन्ने गर्थे - 'स्वामी महाराज ! तपाई आज्ञा मात्र दिनुहोस् । हामी त्यस दुष्ट साधुलाई ठीक पार्नेछौं । उनीहरूको कुरा सुनेर स्वामी दयानन्द सधैं भन्नुहुन्थ्यो - 'हुँदैन, त्यस व्यक्ति आफसेआफ सभ्य बन्नेछ । एकदिन ऊ ठीक हुनेछ ।'

एकदिन एकजना उपासक (सज्जन भक्त) ले एउटा डालोभरि फलफूल राखेर महर्षि दयानन्दलाई दान दिन ल्याएछ । महार्षि दयानन्दले ती फलफूलमध्ये राम्रा राम्रा फलफूलहरू एक पोको पारी एकजना मानिसलाई भन्नुभएछ - 'फलफूलको यो पोको यहाँसम्म आई मलाई कृपा राखी हरेक दिन आशीर्वाद दिएर जानुहुने साधुलाई दिएर आउनु ।'

त्यस व्यक्तिले भन्यो - स्वामिजी ! त्यो साधुले त तपाईलाई हरेक दिन गाली गर्दै जान्छ होइन र ?' महर्षि दयानन्दले भन्नुभयो-'हो, त्यसैलाई दिएर आउनु ।'



Downloaded from http://www.dhamma.digital

त्यस सज्जनले बाध्य भएर फलफूलको पोको लिएर त्यस साधुकहाँ गएर भने-'साधुबाबा ! यो फलफूल स्वामी दयानन्दले तपाईंलाई भनेर पठाउनुभएको ।'

त्यो साधुले दयानन्दको नाम सुन्ने बित्तिकै भने- 'अरे, आज एकाबिहानै त्यस अलच्छिनाको नाम सुमाउन आयौ ? कुन्नि आज भोजन प्राप्त हुने हो कि होइन ? जाउ बाहिर यहाँबाट मेरो लागि दिएर पठाएको होइन त्यो फलफूल । अरू कसैको लागि दिएर पठाएको होला । म त सधैं उसलाई गाली गरिरहन्छु ।'

यति सुनिसकेपछि त्यस व्यक्ति सरासर महर्षि दयानन्द समक्ष गई भएको सबै वृत्तान्त सुनाए । महर्षिले फेरि भन्नुभयो- 'तिमी फेरि त्यही साधुकहाँ जाऊ । उसलाई भन- यो फलफूल स्वामी दयानन्दले तपाईंलाई नै दिएर पठाएको हो । तपाईंले सधैं त्यहाँ आई अमृत वर्षाउन आउने भएकोले र पूजा पाठ गर्न आउनु भएकोले धेरै ताकत खेर गयो होला । यो फलफूलको रस खानुभई शक्ति बढाउनुस्, अनि सधैं पूजापाठ गर्नको लागि कति पनि ताकत कम हुनेछैन ।'

यति कुरा सुनेपछि त्यस साधु कुटीबाट बाहिर आई स्वामी दयानन्दकहाँ गई पाउ समाति क्षमा माग्न गए । हात जोडेर बिन्ति गर्दै भने-'स्वामी महाराज ! मलाई क्षमा गरिदिनुहोस् । मैले त तपाईंलाई एक साधारण मानिस सम्झेको थिएँ । तर तपाईं त मानिस होइन देवता हुनुहुँदोरहेछ ।'

यही हो सहनशीलताको चमत्कार । जुन व्यक्तिसँग पवित्र सहनशीलता हुन्छ, उसको जीवनमा धेरै मीठो रस प्राप्त हुन्छ । जीवन सधैं रमाइलो हुन्छ । एक अद्भूत सन्तोष र प्रकाश प्राप्त हुनेछ । (आनन्द स्वामीको बोध कथाएँबाट)

**काभ्रे टाइम्स, २०६३**



Downloaded from http://www.dhamma.digital

# मानिसले चिताएको कुरा हुँदैन, नचिताएको कुरा हुन्छ

गौतम बुद्धले भन्नुभएको छ- '**अचिन्तितम्पि भवति, चिन्तितम्पि विनस्सति**' अर्थात् नचिताएको र कल्पना नगरेको कुरा हुने गर्छ, तर कल्पना गरेको विनास हुन्छ । अर्थात् नहुने रहेछ । ठूलठूला योजना र समाराहेको आयोजना गर्छु तर बिघ्नबाधा आएर असफल हुन्छ, तर कुनै कुनै कल्पना नगरे अनुसारको काम हुने गर्छ । यो संसारको स्वभाव नै रहेछ । योजना गरेअनुसारका काम नभए सबैलाई दु:ख लाग्नु स्वाभाविकै हो । योजनाकारको नियत ठीक नभएकोले वा ठीकसँग कुरा गर्न नसकेको वा ठीकसँग काम गर्न नसकेकोले हो अथवा दूरदर्शी ज्ञान नभएकोले नचिताएको घटना हुन जान्छ । चिताएको काम भने पूरा हुन नसकी बिग्रिने हुन्छ । उदाहरणको लागि गत आम चुनावमा राप्रपा (चन्द) र नेकपा (माले) दुवैलाई चिताएजस्तै फल प्राप्त भएन, नचिताए जस्तै हार्नु पऱ्यो ।

सबैभन्दा बुझ्न नसकिने घटना, बुद्धको जीवनीसँग घट्ने घटनाहरू पालि साहित्यमा उल्लेख भएको पाइन्छ । त्यो के भने गौतम बुद्ध केही भिक्षुहरू सँगै देवदह (जहाँ महामाया यशोधराको माइती घरमा) मा भिक्षाटन जानुभयो । भिक्षु संघ सँगै बुद्ध भिक्षाटन जानुभएको कुरा यशोधराको पिता सुप्रबुद्ध



Downloaded from http://www.dhamma.digital

शाक्यले थाहा पाउनुभयो । सिद्धार्थले आफ्नी छोरी यशोधरालाई छोडेर गएदेखि रिसाइरहनुभएको सुप्रबुद्धले शाक्यमुनि बुद्धलाई देवदहको इलाकामा पाइला टेक्न नदिने मात्र होइन, भिक्षा पनि प्राप्त नहुने प्रबन्ध र योजना बनाइदिए । गुण्डाहरू साथ लिई ठूलठूला रूखहरू काट्न लगाई बाटो बन्द गराइदिए ।

गौतम बुद्ध भिक्षाटन गर्न जान पाउनु भएन । त्यो दिन भोकै बस्न बाध्य हुनुभयो । बुद्धले भिक्षुहरूलाई भन्नुभयो - आज नचिताएको घटना हुन पुग्यो- तिमीहरूले दु:ख नमान्नु । सुप्रबुद्धले गर्नै नहुने पाप कर्म गर्नुभयो । उहाँले सातौं दिनमा आफूले गरेको पापको फल भोग्नु पर्नेछ । भऱ्याङबाट खसेर दुर्गति हुनेछ उहाँको ।

यो कुरा सुप्रबुद्धको कानमा पुग्यो । सुप्रबुद्धले सोचे - बुद्धको कुरा फरक हुँदैन । तै पनि म सात दिनसम्म भऱ्याङबाट नखस्नेगरी सुरक्षित ठाउँमा बस्नेछु । अनि बुद्धको कथन भूठो हुनेछ । अनि म प्रचार गर्छु -बुद्धले भूठो कुरा गर्नुभयो भनेर ।

सुप्रबुद्ध सात दिनसम्मको लागि खानेकुरा र सेवकहरूका साथै बुइगलमा बस्नुभयो, भऱ्याङ निकाल्न आदेश दिनुभयो ।

सुप्रबुद्ध दिनहुँ चढ्ने घोडाले आफ्नो मालिक देख्न नपाएकोले पागल हुन थाल्यो । आफ्नो मालिक खोज्न बाँधिराखेको डोरीलाई नै चुँड्ने गरी छटपटाउन थाल्यो । यो खबर सुप्रबुद्धले सुन्नासाथै हतारहतार दौडेर गएको त भऱ्याङ निकालेको ख्यालै रहेन । खसेर मुर्छित हुनुभयो ।


Downloaded from http://www.dhamma.digital

बुद्धले यो कुरा सुनिसकेपछि भन्नुभयो-नराम्रो काम गरेको फल समुद्रमा गए पनि, आकाशमा बसे पनि र गुफामा बसे पनि भोग्नै पर्छ। यसबाट बच्न सकिंदैन। जसले पाप गर्छ, उसले पापको फल भोग्नैपर्छ।

यहाँ स्मरणीय कुरा के भने-बुद्ध जीवनी पढ्दा बुद्धमा अलौकिक शक्ति भएको थाहा हुन्छ। मतलब आकाशबाट उडेर जान सक्ने शक्ति छ भनेर पढियो, तर देवदहमा भिक्षाटन जाँदाखेरि सुप्रबुद्ध शाक्यले बाटो बन्द गरिदिंदा बुद्ध किन उडेर जानु भएन ? किन होला ?

**२०५७ दृष्टि साप्ताहिक**

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# मनोवैज्ञानिक वैद्यंको चमत्कार

एकजना असन्तोषी राजालाई आराम नभएको घटना प्रस्तुत गर्दैछु ।

एकजना राजालाई खान रुची नहुने र निन्द्रा नलाग्ने समस्याले धेरै दुःख भयो । असन्तोषका कारण यस्तो भएको हो भन्ने राजालाई थाहा थिएन । धेरै पैसा मात्र थुपार्ने चिन्ता भएकोले मानसिक रोगसमेत थियो । राजाले आफ्नो रोगको निदान गर्न ठूल ठूला वैद्यहरू बोलाए । तर जाँच गर्दा कुनै रोग पत्ता लागेन । राजालाई झन्-झन् अशान्ति बढ्दै गयो । आफ्नो रोग निको पार्न नसकेको भन्दै राजाले वैद्यहरूलाई तथानाम गाली समेत गरे ।

राजाको रोगको उपचार गर्न देशभित्रका नामी वैद्यहरूको खोजी गरियो । त्यसै क्रममा एकजना मनोवैज्ञानिक वैद्य पनि आए । उनले केही समयमा नै जति भए नपुग्ने असन्तोषी बानीले गर्दा राजालाई मानसिक रोग लागेको रहेछ भन्ने पत्ता लगाए । वैद्यले लामो समयसम्म राजाको टाउकोदेखि पैतलासम्म जाँच गरे । जिब्रो निकाल्न लगाएर, घाँटीको जाँच गरे । आँखाको जाँच गरे । पेट थिचेर हेरे । सबै नङ्गको परीक्षण गरे । यी सबै कार्य राजाको चित्त बुझाउनको लागि मात्र गरिएको थियो । कुनै डाक्टरले लामो समयसम्म बिरामीको जाँच



Downloaded from http://www.dhamma.digital

गरिरह्यो भने त्यो डाक्टर जान्ने रहेछ भन्ने हामीलाई पनि विश्वास हुन्छ ।

जाँच सकेपछि वैद्यले एकक्षण राजालाई घुरेर हेरिरहे। राजाले सोधे- के मेरो रोग पत्ता लाग्यो ?' वैद्यले उत्तर दिए- 'महाराज, तपाईको रोग पत्ता लाग्यो। यसको उपचारका लागि अब तपाईले एकदमै हर्षित आनन्दित मन भएका व्यक्तिको भोटो लगाउनुपर्छ ।'

राजा अकमकिए। वैद्यले आफ्नो कुरामा विश्वास गर्न भनेपछि राजाले तत्कालै आफ्ना मन्त्रीलाई त्यस्तो भोटो खोज्न लगाए। राजाको हुकुम अनुसार मन्त्री तथा सरकारी मानिसहरू चारैदिशातिर लागे । तिनीहरूले ठूला धनीहरूका घरमा गएर सोधे - 'यहाँ तपाईलाई आनन्दै छ ? चिन्ता भनेको केही छैन ?' उनीहरूले उत्तर दिए - 'कहिलेकाहीं मात्र आनन्दित हुन्छौं। तर धेरैजसो चिन्ता नै हुन्छ । पैसा नहुँदा कम चिन्ता र दु:ख थियो । सानो काम गर्न पनि चाकडी गर्नुपर्थ्यो । घुस खुवाउनुपर्थ्यो। अहिले करोडौं रुपियाँ हुँदा झन् बढी चिन्ता र दु:ख छ । घर ठूलो बनाउनुपर्‍यो । नमीठो खानु भएन । सरकारलाई कर तिर्ने पीर, दाजुभाइको बीचमा अविश्वास, धनमाल चोरी होला भन्ने भय, कर्मचारीहरू इमान्दार नभएको जस्ता विभिन्न विभिन्न पीरैपीर मात्र छ ।'

तीन दिशातिर गएका समूहहरूले आनन्दले बसेको कोही पनि भेटेनन्। राजा झन् निराश भए। तर एक समूह अझै फर्केको थिएन । त्यो समूहले पनि शहरमा आनन्दले बसेका कसैलाई भेट्टाउन सकेको थिएन। राजाको अगाडि खाली हात जान भएन भन्ने सोच्दै त्यो समूह एउटा गाउँतिर लाग्यो।



Downloaded from http://www.dhamma.digital

उनीहरूले पाटीमा बाजा बजाएर आनन्दका साथ गीत गाइरहेको एउटा माग्नेलाई देखे। उसका गीत सुनेर धेरै मानिसहरू लठ्ठ परिरहेका थिए। राजाका मानिसहरू उसको अगाडि गएर सोधे- 'तिमीलाई केही पीरमर्का छैन जस्तो छ नि ? के तिमीलाई आनन्दै छ ?' माग्नेले जवाफ दियो- 'मलाई केही पीर छैन। म जहाँ जान्छु त्यहाँ घर हुन्छ, खान पाइन्छ। चोरले धनसम्पत्ति लैजाला भन्ने पीर पनि छैन। पीर भएकाहरूका अगाडि गीत गाएर उनीहरूको पीर हटाइदिन्छु। दुईचारपैसा दिएर जान्छन्। त्यो पैसाले मनपरेको वस्तु किनेर खान्छु। मलाई केही चिन्तै छैन।'

राजाका मानिसहरूले यसको भोटो दरबारमा लिएर जानुपऱ्यो भन्ने विचारले माग्नेलाई भने - 'अब तिम्रो भाग्य खुल्यो। तिमीले लगाइराखेको भोटो हामीलाई देऊ हामी तिमीलाई थुप्रै पैसा दिन्छौं।' माग्नेले सोध्यो - 'मेरो भोटो के कामको लागि ?' सरकारी मानिसहरूले राजाको उपचारको लागि भोटो चाहिएको बताएपछि माग्नेले रिसाउँदै भन्यो - 'म गरिब छु भनेर हेला गरेको होला होइन ? म दिन्नँ मेरो भोटो।' राजाका मानिसहरूले माग्नेको हातमा दुईतीन हजार रूपैया राखिदिएपछि माग्नेले आफ्नो भोटो दियो।

माग्नेको भोटोलाई पोको पारेर सरकारी कर्मचारीहरूले दरबारतिर लागे। उनीहरूको हातमा भोटो देखेर राजा ज्यादै खुसी भए। पोको खोलेर हेर्दा राजाले पसिनाले गन्हाएको र च्यातिएको भोटो देखे। यो देखेर राजाले सोधे - 'यो भोटो तिमीहरूले कहाँबाट ल्यायौ ?' कर्मचारीहरूले जवाफ दिए -



Downloaded from http://www.dhamma.digital

'महाराज यो भोटो एउटा माग्नेको हो । उसलाई केही पीर चिन्ता छैन रे, उसको मन आनन्दित छ रे ।' यो सुनेर राजा अवाक रहे । राजाले सोचे - 'माग्ने, केही नहुने पनि आनन्दित हुँदा रहेछन् । मसँग यत्तिका राजवैभव भएता पनि सन्तोष छैन । असन्तोषी भएको चिन्ता र पीरले निन्द्रा नलाग्ने, खाना अरुची भएको हुनुपर्छ । अबदेखि म आफूसँग जे जति छ त्यसैमा सन्तोष हुन्छु ।' यसपछि राजाको मनबाट बिस्तारै पीरचिन्ता हट्दै गयो र दिनहरू सुखपूर्वक बित्न थाले ।

**काभ्रे टाइम्स, २०६३ चैत्र ६ गते मंगलबार**

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# गृहस्थी जीवन सफल हुने मार्ग

दु:ख मन पर्ने कोही छैन । हामी सबै सुख चाहन्छौं । तर सुख भनेको इच्छा गरेर मात्र पाइने चीज होइन । कामना गरेर मात्र हाम्रो इच्छा पूरा हुने होइन । त्यसरी इच्छा गर्दैमा पूरा भए त यो संसारमा दु:खी व्यक्ति कोही पनि हुने थिएन । तर धेरै जसो दु:खीहरू नै देखिन्छन् यस संसारमा । यदि सुखपूर्वक बस्न र बाँच्ने इच्छा भए दु:ख हुने काम छोडेर सुख पाउने काममा लाग्नुपर्‍यो । यसको लागि हामी आफैंले महसूस गरी आफूलाई आध्यात्मिक उन्नति हुने कार्यतर्फ लगाउनु पर्छ । साथै भलो हुने काममा इमान्दारीसाथ लाग्न पर्‍यो ।

धेरैजसो प्रश्न यसरी उठ्ने गर्छ - दु:ख मन नपर्नेहरूको धर्मकर्म गरे पनि किन दु:ख हराउँदैन र उनीहरू किन सुखी हुँदैनन् ? किनभने उनीहरूले दु:ख हुने कारणलाई टाढा पन्छाउन र छोड्न सकेका छैनन् । अर्थात् तृष्णालाई छोड्न चाहँदैनन् । उदाहरणार्थ एउटा घटना प्रस्तुत गर्छु ।

एकजना मानिसलाई रुघाखोकी लागेको थियो । ऊ वैद्यकहाँ गएर आफ्नो रोगको बेथा सुनायो । वैद्यले औषधि दियो र भन्यो-यो औषधि खाउन्जेल तथा रुघा खोकी निको नहुन्जेल अमिलो अचार र दही खान हुँदैन । त्यो मान्छेलाई चाहिं अमिलो अचार दही नभई नहुने रहेछ । त्यो मान्छे अर्के वैद्यकहाँ गएर भन्यो-मलाई रुघाखोकी लागेको छ, तर मलाई यस्तो औषधि दिनुस् जुन औषधि खाँदा अमिलो अचार र दही त्याग्न नपरोस् । वैद्यले भन्यो-ठकि छ यो औषधि पनि खाने अमिलो अचार र दही



Downloaded from http://www.dhamma.digital

पनि खाँदै जाने । यसले गर्दा तपाई कहिले पनि बुढो हुनुहुन्न, तपाईंको घरमा कहिले पनि चोर पस्दैन र कहिले पनि तपाईंलाई कुकुरले टोक्दैन ।

वैद्यको कथनअनुसार रुघाखोकी हुँदा अमिलो अचार र दही खायो भने त्यो मान्छे बुढा हुन नपाउँदै मर्छ । उसलाई रातभर खोकी लाग्दा मान्छे निदाएको छैन भनेर चोर पस्दैन । शरीर दुर्बल भई लौरो टेकेर हिंडनु पर्दा कुकुरले पनि टोक्दैन ।

यस घटनाले के शिक्षा दिन्छ भने रोग निको पार्नु छ भने अमिलो अचार र दही छोड्नु परे जस्तै दुःख मन पर्दैन भने दुःख हुने काम छोड्न सक्नुपर्छ । अन्यथा धर्ममात्र गरेर कहाँ दुःखबाट मुक्त भइन्छ र ?

अब जाउँ गृहस्थी जीवन सफल हुने धर्ममार्गतिर । एक चोटी गौतम बुद्ध कोशल राज्यको बेलुद्वार नामक ब्राह्मण गाउँमा धर्म प्रचारार्थ जानुभयो । त्यहाँका बासिन्दाले प्रार्थना गरे - श्रमण गौतम, हामी त गृहस्थी छौं । हामी विवाह गरेर बालबच्चाहरूसंगै बस्न चाहने व्यक्तिहरू पर्‍यौं । हामीलाई सुन चाँदीको गहना पनि चाहिन्छ । घरखेत पनि चाहिन्छ । सुगन्धित फूलमाला पनि हामी लगाउँछौं । त्यसैले घरवार छोड्न चाहन्नौं । पैसा कमाएर बाँच्न चाहन्छौं । त्यसैले हामीलाई यस्तो उपदेश दिनुस् जुन उपदेशले गृहस्थीमा सुखपूर्वक बस्नपाउने र मरणोपरान्त स्वर्गमा जान पाउने ज्ञान प्राप्त होस् ।

बुद्ध- तपाईहरूलाई कसैले दुःख दिई हिंसा कर्म गरेको मन पर्छ कि पर्दैन ? उत्तर आयो मन पर्दैन । त्यसो भए तपाईहरूको पनि अरूलाई दुःख हुने काम गर्नु भएन । तपाईकहाँ चोरी गर्ने लुटेराहरू छन् कि छैनन् ? उत्तर आयो - धेरै छन् । हामी घरमा ताला लगाएर यहाँ आएका छौं । त्यस्तै बलात्कार गर्नेहरू पनि होलान् ? त्यस्तै झूठो कुरा गर्ने, चुक्ली गर्ने, कडा


Downloaded from http://www.dhamma.digital

बोली बोल्ने र नचाहिने कुरा गरेर समय काट्ने, धेरै लोभी, बदला लिने स्वभाव र इर्ष्यालु, मिथ्यादृष्टि र अन्धविश्वासहरू तपाईहरूलाई मन पर्छ कि पर्दैन ? उत्तर आयो मन पर्दैन । त्यसो भए तपाईहरूले पनि झूठो कुरा गर्नु भएन र बदला लिने काम गर्नुभएन । मिथ्यादृष्टि राख्नुभएन । एकतालाई भंग हुने, चुक्ली गर्ने काम पनि गर्नुभएन । लोभी र बदला लिने काम गर्नुभएन । मिथ्यादृष्टि हुनु भएन अर्थात् मन संकुचित, साँघुरो हुनु भएन । यति गर्न सके तपाईहरूको गृहस्थी जीवन सफल हुन्छ । मरणोपरान्त जहाँ जाने इच्छा छ त्यहाँ जान सकिन्छ ।

श्रमण गौतम ! अनुकम्पा राखी हाम्रो गाउँमा पाल्नु भई हामीलाई राम्रो ज्ञानको शिक्षा दिनुभयो । घर गृहस्थी नत्यागिकन आचरण राम्रो भएको खण्डमा शान्तपूर्वक पारिवारिक जीवन सफल पार्न सक्ने र मरणोपरान्त सुगति जान सकिने रहेछ । हामी खुशी छौं । हामी तपाईको उपदेशअनुसार जीवन बिताउन तत्पर हुनेछौं । यस घटनाले के शिक्षा दिन्छ भने अरूको नराम्रो व्यवहार मन पर्दैन भने त्यही बानीलाई एक पटक आफूसँग तुलना गर्नुपर्‍यो । आफूमा पनि त्यस्तो नराम्रो व्यवहार र चरित्र छ कि छैन् । अरूको बानी व्यहोरा मन पर्दैन भने आफूले पनि त्यस्तो व्यवहार गर्नु भएन । नराम्रो बानी छोड्नुपर्‍यो । अरूलाई आलोचना गर्नुभन्दा पहिले आफ्नोबारे आत्मालोचना गर्न सक्नुपर्‍यो ।

बुद्धले दिनुभएको अधिकांश उपदेश गृहस्थी जीवन सफल पार्नको लागि हो नकि परिवार छोडेर त्यागी बन्नको लागि । हो, गृहस्थी जीवन सफल हुने मार्गबारे उपदेश दिनको लागि त्यागी व्यक्तिहरूको पनि आवश्यक छ । बुद्ध स्वयं उदाहरणको लागि त्यागी जीवनमा उपस्थित हुनुभयो ।

**दृष्टि सप्ताहिक, २०५७ माघ १७ गते**


Downloaded from http://www.dhamma.digital

# उत्साहले जय हुन्छ

गौतम बुद्धले गृहस्थीहरूको लागि धर्मउपदेश दिने क्रममा भन्ने गर्नुहुन्थ्यो -

**"आरध्द विरिय वन्तस्सायं धम्मो**
**नायं धम्मो कुसीतस्स"**

अर्थात् "मैले दिएको धर्म उपदेश उत्साही एवं परिश्रमी व्यक्तिहरूको लागि मात्र हो । हतोत्साही र अल्छी व्यक्तिहरूको लागि होइन ।"

यसरी नै भिक्षुहरूलाई धर्म उपदेश दिने क्रममा गौतम बुद्धले यसरी भन्ने गर्नुहुन्थ्यो -

**"पञ्ञा वन्तस्सायं धम्मो**
**नायं धम्मो दुप्पञ्ञस्स"**

अर्थात् मैले दिएको धर्म उपदेश प्रज्ञावान् व्यक्तिहरूको लागि मात्र हो । प्रज्ञा र विवेकहीनहरूका लागि होइन ।

यसरी मानिसहरू सधैं जागृत र सचेत अवस्थामा रहन सकुन् भन्ने बुद्धको मनसाय रहेको कुरा स्पष्ट छ ।

गौतम बुद्ध बोधिसत्वको अवस्था देखि अथक परिश्रमी, उत्साही तथा वीर्यवान् रहेको कुरा हामीले बुद्ध जीवनी अध्ययन गर्दा थाहा पाउन सक्छौं । आफूले चिताएको राम्रो काम र गर्छु भनी शुभारम्भ गरिसकेको कार्य सम्पन्न नभएसम्म बीचैमा छोडेर भाग्ने बानी थिएन उहाँमा ।



Downloaded from http://www.dhamma.digital

सिद्धार्थकुमारको बाल्यकालको लक्षण अध्ययन गरि सकेपछि केही विद्वान् वर्गहरूले यसरी उद्घोषण गरेका थिए -

"यस राजकुमारले आफुले चिताएको र अरूको भलो हुने कार्यलाई सिद्ध गरेरै छोड्ने छ।"

यो भविष्यवाणी सुनेर शुद्धोदन राजाले त्यस राजकुमार को नाम सर्वार्थ सिद्ध अथवा सिद्धार्थ कुमार भनी नामाकरण गरि दिनु भयो।

सिद्धार्थकुमारले दरवार त्यागी बोधिज्ञान प्राप्त गर्नको लागि तपस्या गर्न थाल्नुभयो। तर भोकभोकै र ज्यादै कम खाना मात्र सेवन गरी तपस्या गर्नुभएको कारणले शरीर दुर्बल र कमजोर भई बेहोश हुनुभयो र लड्नुभयो।

यो दृश्य देखेका एक व्यक्तिले दरवारमा पुगी शुद्धोदन राजालाई यसरी खबर दिए - "तपाईका छोरा सिद्धार्थ बेहोश भई मऱ्यो।"

यो कुरा सुनिसकेपछि राजा शुद्धोदनले भन्नथाल्यो - "यो कुरो मैले विश्वास गर्दिन। किनभने मेरो छोरो त बुद्ध नभईकन मर्नेछैन्। उसको एक विशेष गुण नै आफ्नो मनले चिताएको कुरा शिद्ध गरेरै छोड्नु हो।"

यस कुराले स्पष्ट गरिसकेको छ, बोधिसत्व एक अथक परिश्रमी व्यक्ति हुनुहुन्छ।

सम्यक् सम्बुद्धले गृहस्थीलाई उत्साहित पार्नको लागि माहुरीको उपमा प्रस्तुत गर्नु भएको छ। माहुरीको जीवन अति परिश्रमी हुन्छ। उनीहरू फूलको बगैंचामा चहारी फुलको आकार नबिगारिकन नै मह जम्मा पार्ने र चाका बनाउने गर्दछन्।


Downloaded from http://www.dhamma.digital

गौतम बुद्धले गृहस्थी व्यक्तिहरूको जीवन उज्ज्वल पार्न र असल मान्छे बन्नको लागि उनीहरूमा सातवटा गुणहरू हुनुपर्ने सल्लाह दिनु भएको छ। ती गुणहरू यसरी उल्लेख गरि एका छन्।

१. उत्साही बन्नु अर्थात् अल्छी नबन्नु (उट्टानवतो)
२. होशियारी बन्नु अर्थात् स्मृतिवान् हुनु (सतिमतो)
३. निर्दोष पूर्वक काम गर्नु (सुचिकम्म)
४. दूरदर्शी बन्नु (निसम्मकारी)
५. संयमित, अनुशासित बन्नु (सञ्ञतो)
६. धार्मिक जीवन जिउनु (धम्म जीविनो)
७. अप्रमादी बन्नु अर्थात् सचेत बन्नु (अप्पमत्तो)

अब उत्साही बन्नु पर्ने विषयमा एकपटक चर्चा गरौं।

परिश्रमी बन्नु र उत्साही हुनु उच्च एवं असल मानिस बन्नका लागि चाहिने पहिलो गुण हो। जुनसुकै काम गर्दा पनि निरन्तरताका साथ परिश्रम गर्न आवश्यक छ। काम सम्पन्न हुन अगावै बीचमा नै रोकी, निराश र हतोत्साही बन्न हुन्न। उक्त काममा निरन्तर लागि रहन सके मात्र सफलता हासिल गर्न सकिनेछ। उदाहरणको लागि किसानहरूले शुरू गरेको धान खेतीलाई लिन सकिन्छ। धान रोपिसकेपछि, उक्त धान बाली सपार्नका लागि चाहिने व्यवस्था मिलाउनु देखि घरमा धान नचिभत्र्याए सम्म निरन्तर रूपमा आवश्यक मेहनत गर्नु पर्दछ। एक व्यापारीले पनि आफ्नो व्यापार सफल पार्नका लागि यसरी नै आफ्नो मेहनतलाई निरन्तरता दिन आवश्यक छ। एक विद्यार्थीले पनि आफ्नो परिक्षा सम्पन्न नभएसम्म आफ्नो



Downloaded from http://www.dhamma.digital

अध्ययनमा निरन्तर मेहनत गर्न अत्यावश्यक छ । साथै एक जागिरदारले पनि इमान्दारीतासाथ लगनशील र प्रयत्नशील बनी आफ्नो कर्तव्य पूरा गरिरहन अत्यावश्यक छ ।

बुद्धले दिनुभएको ज्ञानको मुख्य सारांश नै दु:खबाट मुक्त हुनु हो । अर्को शब्दमा भन्ने हो भने निर्वाण सुख प्राप्त गर्नु हो । यसको लागि बुद्ध शिक्षालाई राम्ररी अध्ययन गरी यस शिक्षालाई आफ्नो आचरणमा प्रयोग गर्न जरूरी छ । तृष्णा, लोभ र प्रशंसाको आशा आदिबाट टाढा रहन जरूरी छ । त्यति मात्र होइन धर्मकर्म गर्दा, समाज सेवा सम्बन्धि कार्यहरू गर्दा, लाभ सत्कार, आफ्नो यश कीर्ति र प्रशंसाको आशा राख्न हुन्न । आशा र लोभको वशमा गई धर्मकर्म र समाज सेवा गरिने कार्य रूपैँया सापटी दिई ब्याज लिने जस्तै हुन जान्छ ।

बुद्धमार्गीहरूले समाज सेवा र धार्मिक कार्य गर्ने अवस्थामा निर्वाण कामना गर्ने चलन छ । निर्वाण कामना गर्ने व्यक्तिले निश्वार्थ भावना राखी कुशल कार्य गर्नुपर्दछ । किनभने रांम्रो नियत राखी काम गर्न सके अवश्य पनि उसको यशाकीर्ति फैलिन्छ र प्रशंसा पनि हुनेछ । यो प्रकृतिको नियम भएकोले यस प्रकारको कार्य स्वाभाविक पनि हो । सेवा गरेर मेवा खानु राम्रो कार्य हो । तर मेवा खाने स्वार्थभावनाले सेवा गर्दा ठीक नतीजा प्राप्त हुँदैन । उपरोक्त कुराहरू साधारण मानिसलाई पच्ने खालको कुरा होइन ।

गौतम बुद्धले धेरै जसो निर्वाणको कुरा गर्न हुन्न । उहाँको उपदेश र शिक्षा (धर्म) साधारण गृहस्थीहरूको जीवन सफल र उन्नति बनाउने खालको हुन्थ्यो । मानिस भई असल मानिसको कर्तव्य निभाउनु पर्ने शिक्षा दिनुहुन्थ्यो गौतम बुद्धले ।


Downloaded from http://www.dhamma.digital

# लेखकका छापिसकेका अन्य पुस्तकहरू

१. नेपाल चीन मैत्री
२. बौद्ध दर्शन
३. बुद्ध र व्यवहारिक धर्म
४. पञ्चशील
५. शान्ति
६. नारी हृदय
७. पेकिङ्ग स्वास्थ्य निवास
८. बौद्ध संस्कार (दो.सं.)
९. बौद्ध जगतमा स्वास्थ्य सेवा
१०. निरोगी
११. बुद्धको विचारधारा
१२. मैले बुझेको बुद्धधर्म
१३. बौद्ध नैतिक शिक्षा (भाग १)
१४. बौद्ध ज्ञान
१५. "बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय
१६. धर्म चिन्तन
१७. बौद्ध ध्यान (विपस्यना ध्यान)
१८. सम्यक शिक्षा (भाग-१)
१९. आर्यसंस्कृति
२०. आर्यशील र आर्य मार्ग
२१. सम्यक शिक्षा (भाग-२)
२२. सम्यक शिक्षा (भाग-३)
२३. निन्दाबाट बच्ने कोही छैन
२४. बुद्धकालीन प्रजातन्त्र र समाजवाद
२५. नारीहरूमा पनि बुद्धि छ
२६. बुद्धकालिन संस्कृति
२७. बुद्धकालिन संस्कृति र परिस्थिति
२८. पहिलो गुरु को हुन् ?
२९. बुद्धको संस्कृति र महत्त्व
३०. क्षान्ति र मैत्री (अनु. वीर्यवती)
३१. धर्म र हृदय
३२. बोध कथा र बौद्ध चरित्र
३३. कर्म र कर्मफल (अनु. भिक्षु संघरक्षित)
३४. भिक्षु जीवन (अनु. भिक्षु संघरक्षित)
३५. दश संयोजन (अनु. भिक्षु संघरक्षित)
३६. २१ औं शताब्दिमा बुद्धको शिक्षा किन ?
३७. चित्त शुद्ध भए जीवन उज्ज्वल हुनेछ
३८. धर्म जीवन जिउने कला
३९. बुद्धको जीवनोपयोगी शिक्षा
४०. नक्कली देवता
४१. बुद्ध र बुद्धको धर्म
४२. समाजको लागि बुद्धको शिक्षा
४३. मानिसलाई असल बनाउने बुद्धको शिक्षा
४४. व्यवहारिक प्रज्ञा (अनु. भिक्षु संघरक्षित)
४५. अमूल्य धन (अनु. भिक्षु संघरक्षित)
४६. बुद्धको चमत्कार
४७. दीर्घायु हुने उपाय
४८. नेपालमा थेरवाद बुद्ध धर्मको भविष्य
४९. धर्मप्रचार

Downloaded from http://www.dhamma.digital

# लेखकया प्रकाशित नेपालभाषाया मेगु सफू त

१. गौतम बुद्ध
२. बुद्धया अर्थनीति (संयुक्त)
३. तथागत हृदय
४. त्याग
५. दश संयोजन (सं.)
६. भिक्षुया पत्र (भाग १)
७. भिक्षुया पत्र (भाग २)
८. पेकिङ्ग स्वास्थ्य निवास
९. बौद्ध शिक्षा
१०. न्हापां याम्ह गुरु सु ?
११. माँ-बौ लुमन
१२. हृदय परिवर्तन
१३. बौद्ध ध्यान (भाग-१)
१४. बौद्ध ध्यान (भाग-२)
१५. बाखं (भाग-१)
१६. बाखं (भाग-२)
१७. बाखं (भाग-३)
१८. बाखं (भाग-४)
१९. बाखं (भाग-५)
२०. बाखं (भाग-६)
२१. भिक्षु जीवन
२२. भिंम्ह मचा
२३. बाखँया फल (भाग-१)
२४. बाखँया फल (भाग-२)
२५. धम्मचक्कप्पवत्तन सुत्त
२६. क्षान्ति व मैत्री
२७. बोधिसत्त्व
२८. मूर्खम्ह पासा मज्यू
२९. श्रमण नारद (अनु.)
३०. ईर्ष्या व शंका
३१. चरित्र पुचः (भाग-१)
३२. चरित्र पुचः (भाग-२)
३३. योगीया चिट्ठी
३४. पालि प्रवेश (भाग-१)
३५. पालि प्रवेश (भाग-२)
३६. धर्म मसीनि
३७. सर्वज्ञ (भाग-१)
३८. सर्वज्ञ (भाग-२)
३९. दुःख मदैगु लँपु
४०. शिक्षा (भाग-१)
४१. शिक्षा (भाग-२)
४२. शिक्षा (भाग-३)
४३. शिक्षा (भाग-४)
४४. दान
४५. चमत्कार
४६. बुद्धया व्यवहारिक पक्ष धर्म
४७. व्यवहारिक प्रज्ञा
४८. दीर्घायु जुइमा
४९. ज्ञान मार्ग (भाग-१)
५०. ज्ञान मार्ग (भाग-२)
५१. बौद्ध नैतिक शिक्षा
५२. फिगु बन्धन
५३. मनू म्हसिइकेगु गय् ?
५४. संस्कृति
५५. बुद्धया करुणा व ब्रह्मदण्ड
५६. धर्मया ज्ञान
५७. कर्म व कर्मफल
५८. अमृत दान
५९. मंगल

मुद्रकः न्यू नेपाल प्रेस, फोन नं. ४४३४८५०, ४२५९०३२

Downloaded from http://www.dhamma.digital